# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ३४७ | काठमाडौं | शनिबार, ३० चैत २०८१ | Prabhah National Daily | Saturday, April 12, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


वैदेशिक रोजगार व्यवसायी संघको चुनाव

# नयाँ नेतृत्व घोषणा आज

- कूल ८९३ मतदातामध्ये ८१३ जनाले मात्र गरे मतदान
- भुवनसिंह गुरूङ र नरेश गेलालमध्ये एक जना नेतृत्वमा आउँदै

■ ममता थापा

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसायीहरूको छाता संस्था नेपाल वैदेशिक रोजगार व्यवसायी संघले आज नयाँ नेतृत्व पाउँदै छ । शुक्रबार संघको ३०औं र ३१औं साधारणसभासँगै नयाँ नेतृत्व चयनका लागि मतदान सम्पन्न भएको छ । अपराह्न करिब ४:३० बजे सुरु भएको मतदान राति करिब ९:३० बजे सकिएको थियो । रातिदेखि नै मतगणना सुरु गरिएको छ । जसको नतिजा आज घोषणा हुने संघको निर्वाचन समितिले जानकारी दिएको छ ।

समितिका अनुसार कूल ८९३ मतदाता रहेकामा ८१३ जनामात्र मतदानमा उपस्थित भएका छन् । संघको २१ सदस्यीय कार्यसमितिमध्ये अध्यक्षसहित सात पदाधिकारी र १० जना कार्यसमिति सदस्य प्रत्यक्ष मतदानबाट निर्वाचित हुने व्यवस्था छ । बाँकी चार जना सदस्य भने पछि अध्यक्षले मनोनीत गर्ने छन् । कार्यसमितिका लागि दुईवटा प्यानलका ३४ र तीन स्वतन्त्र गरी ३६ जनाको उम्मेदवारी परेको थियो ।

संघको आगामी नेतृत्वका लागि भुवनसिंह गुरुङ र नरेश गेलाल प्यानलसहित चुनावी मैदानमा उत्रिएका थिए । प्रथम उपाध्यक्ष र सचिवबाहेक सबै पदमा यी दुई प्यानलबाट मात्रै उम्मेदवारी परेको थियो । प्रथम उपाध्यक्षमा अख्तर हुसेन र सचिवमा ईश्वर सापकोटाको स्वतन्त्र उम्मेदवारी परेको थियो ।

गुरुङ नेपाली कांग्रेसको शुभेच्छुक संस्था लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसन र नेकपा माओवादी केन्द्रनिकट वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चको संयुक्त प्यानलबाट अध्यक्षका उम्मेदवार बनेका हुन् । यसैगरी गेलाल नेकपा एमालेनिकट प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल, लोकतान्त्रिक एसोसिएसनको असन्तुष्ट समूह र नेकपा एकीकृत समाजवादी पार्टीनिकट एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनको संयुक्त व्यावसायिक प्यानलबाट अध्यक्षका उम्मेदवार बनेका हुन् ।

गुरुङ र गेलालमध्ये आगामी नेतृत्वमा कसले बाजी मार्लान् ? यो आज आउने नतिजाले देखाउने छ । दुवै पक्षले प्यानलसहित आफ्नो जित सुनिश्चित रहेको दाबी गरेका थिए । यसअघि दुवै समूह आ-आफ्नो एजेण्डासहित चुनावी प्रचारमा सक्रिय भएका थिए ।

### आगामी नेतृत्वलाई व्यवसायीको सुझाव

शुक्रबार बत्तीसपुतलीस्थित मतदानस्थलमा उपस्थित व्यवसायीहरूले आगामी कार्यसमितिले व्यवसायीको हक हितलाई केन्द्रमा राखेर काम गर्नुपर्ने सुझाव दिएका छन् । आगामी कार्यकालका लागि नेतृत्व छनोट गर्न आएका मतदाताहरूले व्यवसायमा देखिएका विभिन्न समस्याको समाधान गर्दै व्यवसायीको हितलाई ख्याल राख्नुपर्ने बताए ।

राज्यले कोरिया, इजरायल पठाउँदा रकम लिए पनि व्यवसायीलाई फ्रि-भिसा, फ्रि-टिकेट कार्यान्वयन गर्न बाध्य बनाएको त्रिवेणी एच आर सोलुसनका सञ्चालक तुलसी पौडेलले बताए । 'हामी फ्रि-भिसामा काम गरिरहेका छौं । करोडौं धरौटी राखेर काम गरिरहेका छौं । त्यसको ब्याज पाउने विषयमा अबको नेतृत्वले राज्यसँग छलफल गर्नुपर्छ,' उनले भने । व्यवसायीले एउटा कामदारको दुई वर्षसम्म जिम्मा लिनुपर्ने तर राज्य कहीँ पनि उत्तरदायी नभएको पौडेलले बताए ।

एमकन ओभरसिजका रामप्रसाद गैरेले आगामी नेतृत्वले ठूला सपना देखाउनेभन्दा पनि व्यवसायीलाई अप्ठ्यारो बनाइरहेका साधारण समस्यामा काम गरे पुग्ने बताए । एक सयको संख्या, राज्य आतंकजस्ता समस्यालाई न्यूनीकरण गर्नुपर्ने उनको भनाइ छ । 'गलत अभिप्रायले कामदार फर्किएर आए पनि व्यवसायीलाई टर्चर दिने कुरा छ, यसको निराकरण गर्नुपर्छ,' उनले भने ।

क्रमशः पृष्ठ २ मा




## नयाँ नेतृत्वसँग व्यवसायीका अपेक्षा

हामी करोडौं रकम धरौटीमा राखेर फ्रि-भिसा, फ्रि टिकटमा कामदार पठाउन काम गरिरहेका छौं । त्यसको ब्याज पाउने विषयमा अबको नेतृत्वले राज्यसँग छलफल गर्नुपर्छ ।
■ **तुलसी पौडेल**
त्रिवेणी एचआर सोलुसन प्रालि

गलत अभिप्रायले कामदार फर्किएर आए पनि व्यवसायीलाई टर्चर दिने प्रवृत्ति छ, यसको निराकरण गर्नुपर्छ ।
■ **रामप्रसाद गैरे**
एमकन ओभरसिज प्रालि

व्यवसायीलाई मानव तस्कर र दलालका रूपमा हेर्ने दृष्टिकोण हटाउन अबको नेतृत्वले काम गर्नुपर्छ ।
■ **तुलसी पुरी**
एचएमके ओभरसिज प्रालि

पीडक र पीडित सबैको कुरा निडर भएर सम्बन्धित ठाउँमा राख्ने नेतृत्व अहिलेको आवश्यकता हो ।
■ **गणेश तिमल्सिना**
माँ पद्मा प्लेसमेन्ट प्रालि

व्यवसायीको हितविपरीत ल्याइएका कानुनहरूलाई तुरुन्तै हटाउन नयाँ नेतृत्वले कदम चाल्नुपर्छ ।
■ **तारामणी राई**
इम्पावर ओभरसिज प्रालि

आउने टिमले सबैको ख्याल गरोस् । हरेक काम पारदर्शी हिसाबले सबैको सहमति लिँदै गरोस् ।
■ **अस्गर अली**
सक्षम ह्युमन रिसोर्सेस प्रालि

रोजगारीमा जाने अदक्ष कामदारको विचल्ली भइरहेको छ । उनीहरूलाई दक्ष बनाएर पठाउन पहल गर्नुपर्छ ।
■ **राजाराम गुरुङ**
गुरुङ म्यानेजमेण्ट प्रालि

उपप्रधान तथा अर्थमन्त्री पौडेलको जोड-

## नेपाली श्रमिकले सम्मानपूर्वक काम गर्ने वातावरण बनाउनुपर्छ



उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउने व्यवसायीहरूको प्रयासमा सरकारले साथ दिने बताएका छन् । शुक्रबार नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

उनले नेपाली श्रमिकको सम्मान र सुरक्षामा सरोकारवाला सबै सचेत बन्नुपर्ने बताए । 'अन्तर्राष्ट्रिय श्रमबजारमा रहेका नेपाली श्रमिकले सम्मानित र सुरक्षित ढंगले काम गर्न सक्ने वातावरण निर्माणको पक्षमा मन्त्रालयको तर्फबाट सधैं सहयोग रहने छ,' उनले भने ।

क्रमशः पृष्ठ २ मा

# तीनकुने हिंसात्मक घटनाका नाइके दुर्गा हिरासतमा

- भारतमा बिहीबार पक्राउ परेका दुर्गालाई शुक्रबार झापा हुँदै काठमाडौं ल्याएर हिरासतमा राखियो
- अनुसन्धानका लागि १२ दिन हिरासतमा राख्न प्रहरीलाई अदालतले दियो अनुमति
- राजतन्त्र फर्काउने नाममा अराजकता मच्चाउने दुर्गाविरूद्ध राज्यद्रोह, संगठित अपराध, कर्तव्य ज्यान, कर्तव्य ज्यान उद्योग, सार्वजनिक तथा निजी सम्पत्तिमा क्षतिलगायत मुद्दामा अनुसन्धान हुने




■ जेबी योञ्जन

**काठमाडौं–** राजा ल्याउने भन्दै १५ चैतमा गरेको प्रदर्शन हिंसात्मक भएपछि फरार भएर भारत पुगेका विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईं काठमाडौं प्रहरीको हिरासतमा पुगेका छन् । उनीविरुद्ध राज्यद्रोह र संगठित अपराधसम्बन्धी कसुरमा प्रहरीले अनुसन्धान थालेको छ । अनुसन्धानका लागि प्रहरीले शुक्रबार काठमाडौं जिल्ला अदालतबाट १२ दिन थुनामा राख्ने अनुमति पाएको छ ।

न्यायाधीश शिशिरराज ढकालको इजलासले प्रसाईंसहित उनका बडीगार्ड दीपक खड्काविरुद्ध पनि अनुसन्धानका लागि म्याद थप अनुमति दिएको हो । मुलुकी अपराध संहिता ऐन, २०७४ को परिच्छेद १ को दफा ५० मा राजद्रोहको कसुरबारे उल्लेख छ । जहाँ भनिएको छ, 'नेपाल सरकार वा संवैधानिक संरचनालाई पल्टाउने नियतले कसैले सैनिक, अर्धसैनिक वा आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी कुनै अव्यवस्था उत्पन्न गर्न वा हतियारसहित सैनिक वा अर्धसैनिक संगठन निर्माण गर्न वा त्यस्तो षड्यन्त्र वा उद्योग गर्न वा गराउन वा दुरुत्साहन गर्न हुँदैन ।'

यदि कसैले यस्तो कसुर गरेमा भने २५ वर्षसम्म कैद सजाय हुने व्यवस्था संहितामा कानुनी प्रावधान छ । यही कानुनी आधारमा टेकेर प्रहरीले प्रसाईंविरुद्ध अनुसन्धान थालेको हो । यसअनुसार प्रहरीले अब राजद्रोहको कसुरमा म्याद लिएपछि प्रहरीले उनीमाथि यसका प्रमाणहरू जुटाउन थालेका छन् । काठमाडौं प्रहरीले प्रमाण जुटाउने काम भइरहेको जनाएको छ ।

क्रमशः पृष्ठ २ मा

## पूर्वराजा ज्ञानेन्द्र निशानामा !



सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेसँगै विपक्षी दलहरू नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायत दलले १५ चैतमा भएको हिंसात्मक प्रदर्शनमा पूर्वराजा ज्ञानेन्द्र शाहलाई जिम्मेवार ठहर गर्नुपर्ने बताइसकेका छन् । शाहले नै १४ चैतमा जनकमाण्डर तोकेको भनिएका दुर्गा प्रसाईंलाई पक्राउ गरेर काठमाडौं ल्याइसकिएको छ । उनीविरुद्ध राज्यद्रोहको मुद्दा अघि बढ्दा यही मुद्दामा पूर्वराजा ज्ञानेन्द्रलाई पनि पक्राउ गर्ने संकेत सरकारले गरेको छ ।

गृहमन्त्री रमेश लेखकले शुक्रबार संसद्को कानुन, न्याय तथा संसदीय मामिला समितिमा ज्ञानेन्द्रलाई संकेत गर्दै भने, 'दुर्गा प्रसाईं पक्राउ परेका छन् । अब को-को आउँछन् थप खुल्दै जान्छ ।' यसअघि संसद् बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले तीनकुने घटनामा पूर्वराजा शाहलाई उन्मुक्ति नदिने चेतावनी दिएका थिए ।


जनहितमा जारी सन्देश

## हावाहुरी बाट जोगिन घर लगायतका संरचना बलियो बनाऔं

हावाहुरीलाई रोक्न सकिदैन, तर पूर्वतयारी गर्ने हो भने हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ ।

- घरको संरचना बलियो बनाऔं ।
- हावाहुरी चल्न थाले झ्यालढोका थुनौं ।
- छानालाई ग्याबियन तारले राम्ररी कसेर बाधौं ।
- टिनको छानालाई जे-हुक (J-Hook) ले कसौं ।
- छतमा गमला बाधेर मात्र राखौं ।
- जस्तापाता लगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं ।
- भीडभाडमा भएका बेला हावाहुरी चले भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं ।
- मोटरसाईकल, गाडी चलाईरहेको बेला हावाहुरी चले रोकेर सुरक्षित स्थानमा बसौं ।
- कतै कुनै सुरक्षति ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

पृष्ठ १ बाट क्रमशः

## नयाँ नेतृत्व...

एचएमके ओभरसिजका तुलसी पुरीले मागपत्र प्रमाणीकरण, फ्रि-भिसा, फ्रि-टिकट, सिण्डिकेटजस्ता विषयमा काम गर्नुपर्ने सुझाव दिए । 'व्यवसायीले दुईदेखि छ करोड रूपैयाँ धरौटी राखेका छन्, त्यो बापतको ब्याज पाउनुपर्छ भन्ने विशेष माग हाम्रो छ,' उनले भने, 'व्यवसायीलाई मानव तस्कर र दलालका रूपमा हेर्ने दृष्टिकोण यो नेतृत्वले हटाउने गरी काम गर्नुपर्छ ।' सरकारले धरौटी राखेर लाइसेन्स दिन्छ भने त्यसको सम्मान गर्ने वातावरण निर्माण गनुपर्ने उनको भनाइ छ ।

माँ पद्मा प्लेसमेन्ट प्रालिका गणेश तिमल्सिना सबल, सक्षम र व्यवसायीको मर्कालाई बुझ्ने नेतृत्व हुनुपर्नेमा जोड दिन्छन् । 'व्यवसायी र सरकारबीचका केही कुरा छन् त्यसलाई अक्षरशः लगिदिने, हाम्रा मर्कालाई सम्बोधन गर्ने साथै पीडक र पीडित सबैको कुरा निडर भएर सम्बन्धित ठाउँमा राख्ने नेतृत्व अहिलेको आवश्यकता हो,' उनले भने ।

अर्का व्यवसायी इम्पावर ओभसिजका तारामणी राईले यस क्षेत्रमा मौलाएको अस्वस्थ प्रतिस्पार्धा हटाउनुपर्ने सुझाव दिए । 'व्यवसायीको हित विपरित ल्याइएका कानुनहरूलाई तुरुन्तै हटाउन नयाँ नेतृत्वले पहलकदमी चाल्नुपर्छ,' उनले भने ।

सक्षम हयुमन रिसोर्सेस प्रालिका अस्गर अलीले सय संख्याको प्रावधान हटाएर जति जना पठाए पनि सहजरूपमा काम गर्न पाउनुपर्ने वातावरण निर्माण गर्नुपर्ने बताए । 'यस्तो खालको टिम आओस् जसले सबैको ख्याल गरोस् । हरेक काम पारदर्शी हिसाबले सबैको सहमति लिँदै गरोस्,' अलीले भने ।

त्यस्तै, गुरुङ म्यानेजमेण्ट प्रालिका राजाराम गुरुङले अब आउने नेतृत्वले वैदेशिक रोजगारीमा जाने श्रमिकको सुरक्षाको ग्यारेन्टी लिनुपर्ने बताए । 'पछिल्लो समय मुलुकबाट वैदेशिक रोजगारीमा जानेहरू बढेसँगै उता गएर विचल्ली भइरहेको अवस्था छ । कामदारलाई दक्ष बनाएर पठाउन पहल गर्न सके राम्रो हुन्छ,' उनले भने ।

■■■

## नेपाली श्रमिकले...

अर्थमन्त्री पौडेलले वैदेशिक रोजगारबाट फर्किएका श्रमिकको पुँजी र सीपलाई भरपुर सदुपयोग गर्ने आधारहरू निर्माणमा सरकार प्रयासरत रहेको उल्लेख गरे । उनले वैदेशिक रोजगारबाट भित्रिने पुँजी र सीपको सदुपयोग गर्दै कूल ग्रार्हस्थ उत्पादनमा योगदान पुऱ्याउन सरोकार भएका सबैलाई आह्वान गरे ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले वैदेशिक रोजगार ऐन र श्रम ऐन संशोधन गर्ने तयारीमा रहेको बताए । सरकारले यी ऐनलाई समयसापेक्ष बनाउन सरोकारवालासँग सल्लाह सुझाव माग गरेको उनको भनाइ छ । व्यवसायलाई अगाडि बढाउन बाधक रहेका कानुनी अड्चनहरू खोजिरहेको मन्त्री भण्डारीले बताए । 'सरकार अहिले वैदेशिक रोजगार ऐन र श्रम ऐनलाई संशोधन गर्ने क्रममा छ, संशोधन गर्नुपर्ने कुराहरूमा सरकार र नेपाल वैदेशिक रोजगार व्यवसायी संघले गहिरो छलफल गर्नुपर्ने छ,' उनले भने । यसअघि आफू मन्त्री हुँदा कानुनी समस्याको कारण कम्पनी नै बन्द हुने स्थिति कानुन संशोधनमार्फत समाधान गरेको उनले स्मरण गरे । व्यवसायलाई अगाडि बढ्न नदिने कानुनी प्रावधानहरूलाई समाधान गर्ने आश्वासन उनले दिए ।

मन्त्री भण्डारीले युरोपको मागपत्र प्रमाणीकरण र नयाँ रोजगार गन्तव्य विकास गर्न मन्त्रालयले गरिरहेको प्रयासबारे जानकारी दिएका थिए । 'एक महिनाभित्र युरोपको मागपत्र प्रमाणीकरण गर्छौं । वार्षिक १०० कामदार पठाउने कम्पनीको मात्र नवीकरण गर्ने प्रावधान हटाउनेगरी ऐन संशोधन भइसकेको छ,' भण्डारीले भने ।

नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले व्यवसायीहरूले जोडदाररूपमा उठाउँदै आएको सय संख्या खारेजीको प्रस्तावलाई संसदीय समितिबाट पारित गरिसकेको बताए । उनले त्यसलाई चाँडै नै संसद्बाट अनुमोदन गरी कार्यान्वयनमा ल्याउने जानकारी दिए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले समयसापेक्ष ऐन, नियम परिमार्जनमा आवश्यक पहलका लागि आग्रह गर्दै सेवा शुल्क व्यवस्थापन र कामदारको लागत निर्धारण गर्न सरकारको ध्यानाकर्षण गराएका थिए । उनले आफ्नो कार्यकालमा नीतिगत सुधारमा निरन्तर पहल गरिएको र बाँकी कार्यहरू आगामी नेतृत्वले पूरा गर्ने अपेक्षा व्यक्त गरे ।

उक्त साधारणसभाले संघको वार्षिक प्रतिवेदन तथा आर्थिक प्रतिवेदन पारित गरेको छ । उद्घाटन समारोहमा संघको प्रशासकीय भवन खरिद गर्न गठित समितिका सदस्यहरू र चन्दादाताहरूलाई सम्मान गरिएको थियो ।

■■■

## तीनकुने हिंसात्मक...

यसबाहेक प्रसाईंविरुद्ध प्रहरीले संगठित अपराधको कसुरमा पनि अनुसन्धान थालेको छ । कानुनतः संगठित रूपमा तोडफोड, हिंसा र आगजनी गर्नुलाई संगठित अपराधको रूपमा लिने गरिन्छ । अर्को शब्दमा भन्दा तीन जनाभन्दा बढीको समूह बनाएर तीन वर्षभन्दा बढी कैद सजाय हुने अपराध गरेमा संगठित अपराध हुने कानुनी व्यवस्था छ ।

संगठित अपराधको आरोप सबुत र प्रमाणबाट स्थापित भएमा अरु मुद्दामा हुने सजायको आधा सजाय थपेर कैद गर्न सकिने कानुनी व्यवस्था छ ।

यद्यपि, संगठित अपराधको आरोप अघि बढाउँदा प्रहरीले आरोपीहरूमाथि अपराध गर्ने नियतले नै संगठित समूह बनाएको प्रमाण पेस गर्नुपर्ने हुन्छ । समूह बनाएको प्रमाण पेस गर्न भने प्रहरीलाई केही चुनौतीपूर्ण हुने सुरक्षा मामिलाका जानकारहरू बताउँछन् । तर, घटनाको गहिरो अनुसन्धान गरेर प्रमाण जुटाउने काम भइरहेको प्रहरी परिसर काठमाडौंका प्रवक्ता तथा प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिए । उनले प्रसाईंविरुद्ध राज्यद्रोह र संगठित अपराधबाहेक अरु कुन कुन मुद्दामा अनुसन्धान गर्ने भन्ने टुंगो लाग्न बाँकी रहेको पनि बताए । '१२ दिने म्याद थप भएको छ र हामी अनुसन्धानमा छौं । अब कुन कुन मुद्दामा अनुसन्धान गर्ने भन्ने खुलिसकेको छैन । कुन-कुन कसुर आकर्षित हुन्छ, सोहीअनुसार मुद्दाको अनुसन्धान प्रक्रिया अगाडि बढ्छ,' उनले प्रभावसँग भने ।

अपराधशास्त्री डा. कृष्णकुमार तामाङका अनुसार प्रसाईंविरुद्ध ज्यान मार्ने उद्योगको कसुरमासमेत अनुसन्धान अघि बढ्ने सम्भावना छ । उनीविरुद्ध १५ चैतमा काठमाडौंको शान्तिनगर क्षेत्रमा ड्युटीमा खटिएका प्रहरीले आफूहरूको ज्यान मार्ने नियतले प्रसाईंले गाडि अगाडि बढाएकाले ती प्रहरीहरूले कर्तव्य ज्यान उद्योगमा निवेदन दिने तयारी गरेका छन् । अपराधशास्त्री तामाङका अनुसार यो मुद्दासँगै सार्वजनिक सम्पत्ति र निजी सम्पत्ति तोडफोड गरेको आरोप पनि छ । प्रहरीले तीनकुने हिंसात्मक प्रदर्शनमा सार्वजनिक र निजी सम्पत्तिको ठूलो क्षति भएकाले अनुसन्धान गर्ने तयारी गरिरहेको छ । त्यसका लागि उनीविरुद्ध आपराधिक उपद्रवको कसुर आकर्षित गरेर अनुसन्धान अघि बढाउने भएको बोहराले बताए ।

घटनामा कीर्तिपुरका सविन महर्जन र प्रदर्शनकारीले घरमा लगाएको आगोमा जलेर पत्रकार सुरेश रजकको मृत्यु भएकाले ज्यानसम्बन्धी कसुरमा पनि प्रहरीले अनुसन्धान गर्ने भएको छ ।

---

### कुमाख गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रागेचौर, सल्यालन**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०८१/१२/३० गते)**

यस कार्यालयको आ. व. २०८१/०८२ को लागि मिति २०८१/११/२० गतेको www.bolpatra.gov.np/egp मा प्रथम पटक प्रकाशित बोलपत्र सूचना बमोजिम विद्युतीय (E-bidding) मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतीको लागि छनौट भई आशयपत्र दिने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्र दाताको नाम र ठेगाना | स्वीकृत बोलपत्रको रकम (भ्याट र पि. एस. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | KRM-NCB-W-08/2081/082 | Construction of Marma Khola Foot Cum Small Vehicle Bridge, 1& 4 Jodne Pul, Salyan | Dev Constructions, Khalanga, Pyuthan, Mallarani Rural Municipality, Nepal | 10,148,986.60 | |

**प्रमुख प्रशासकिय अधिकृत**


**कतारमा रोजगार** कम्पनी : LALIT CLEANING AND CONTRACTING

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ LT. No. 321901 चलानी नं. ६०२३५९९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dry Clean Worker | 5 | 5 | 1000 | ३७,८१० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Gen. Clean Worker | 1 | 0 | 1000 | ३७,८१० | | | | | | | |
| 3 | Gypsum Painter | 2 | 0 | 1200 | ४५,३७० | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1000 | ३७,८१० | | | | | | | |
| 5 | Mason | 4 | 0 | 1200 | ४५,३७० | | | | | | | |
| 6 | Plumber | 2 | 0 | 1200 | ४५,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD
Sinamangal-9, Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: www.shivamintlmanpower.com.np
Gov Lic.No. 1570/079/80


### बर्जु गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**अमाहिवेल्हा सुनसरी**
**कोशी प्रदेश, नेपाल**

### बर्जुतालको माछा बिक्रीका लागि दरभाउपत्र ठेक्काको सूचना स्चयाईएको सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/२९ गते**

प्रस्तुत विषयमा मिति २०८१/१२/२६ को यस बर्जु गाउँपालिका अन्तर्गत वडा नं ६ मा रहेको बर्जुतालाभित्रका तपसिलका पोखरीमा रहेको माछा बिक्रीका लागि प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त सम्बन्धि सूचनाको ठेक्का नं. ३/०८१/८२ मा अंक मा विस लाख हुनु पर्नेमा दुई लाख लेखिएको मा उक्त संख्या रू २०,००,०००/- (अक्षरेपि विस लाख) नै भएको व्यहोरा जानकरी साथ यो सूचना प्रकासित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

---

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**शनिबार, ३० चैत, २०८१**

- **मेष** सम्भावना देखिए पनि समयमा काम नहुने।
- **वृष** कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ।
- **मिथुन** सुखद समाचारले उत्साह जगाउनेछ ।
- **कर्कट** सोचेको उपलब्धि तत्काल प्राप्त नहुने ।
- **सिंह** रोकिएका काम सम्पादन हुनेछ ।
- **कन्या** नयाँ कामको अवसर प्राप्त हुनसक्छ ।
- **तुला** सानोतिनो समस्याले अल्झाउन सक्छ ।
- **वृश्चिक** समाजिक जिम्मेवारी उपलब्ध हुनेछ ।
- **धनु** मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला ।
- **मकर** प्रियजनसँग रमाइलो भेटघाट हुनेछ ।
- **कुम्भ** काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ ।
- **मीन** विवादास्पद कामको जिम्मेवारी आउनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० चैत, २०८१ (१२, अप्रिल २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३६.४६ | १३७.०६ |
| युरो | १ को | १४७.२१ | १४७.८५ |
| पाउन्ड स्टर्लिङ | १ को | १७६.१० | १७६.८८ |
| स्विस फ्रैन्क | १ को | १५४.५९ | १५५.२७ |
| अस्ट्रेलियन डलर | १ को | ८५.२४ | ८५.६१ |
| क्यानाडियन डलर | १ को | ९४.७७ | ९५.१८ |
| सिङ्गापुर डलर | १ को | १०१.५७ | १०२.०१ |
| जापानी येन | १० को | ९.१४ | ९.१८ |
| चिनियाँ युआन | १ को | १८.७७ | १८.८५ |
| साउदी अरब रियाल | १ को | ३६.३८ | ३६.५४ |
| कतारी रियाल | १ को | ३७.४४ | ३७.६० |
| थाई भाट | १ को | ४.०० | ४.०१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१५ | ३७.३२ |
| मलेसियन रिङेट | १ को | ३०.७५ | ३०.८९ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १३.६१ | १३.६७ |
| डेनिस क्रोनर | १ को | १९.७३ | १९.८२ |
| हङकङ डलर | १ को | १७.५४ | १७.६२ |
| कुवेती दिनार | १ को | ४४२.५६ | ४४४.५१ |
| बहराइन दिनार | १ को | ३६१.९९ | ३६३.५८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेबसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# रेडपाण्डा तथा थार महोत्सवको तयारी पूरा

खोटाङ (प्रस)- 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' का अवसरमा आगामी सोमबारदेखि खोटाङमा आयोजना हुने दुईदिने 'रेडपाण्डा तथा थार महोत्सव-२०८२' को तयारी प्रायः पूरा भएको छ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाको आयोजनामा हुने महोत्सवको उद्देश्य लोपोन्मुख रेडपाण्डा र थारको संरक्षण तथा प्रवर्द्धन भएको नगरप्रमुख तीर्थराज भट्टराईले बताए। मध्यपहाडी लोकमार्गअन्तर्गत दिक्तेल-हलेसी सडकखण्डको हुर्लुङमा आयोजना हुने महोत्सवमा विभिन्न जातजातिको संस्कार-संस्कृति अनुसारका खाना, वेशभूषा, रहनसहन तथा स्थानीय उत्पादन पनि समावेश गरिने उनले जानकारी दिए।



स्थानीय कच्चा पदार्थबाट उत्पादित सामग्री तथा रेडपाण्डा र थारसम्बन्धी तस्बिर तथा भिडियो स्टलका रूपमा प्रदर्शनी गरिने जनाइएको छ। मध्यपहाडी लोकमार्गको दिक्तेल-हलेसी सडकखण्डको हुर्लुङबाट सुरु हुने 'मुन्दुम ट्रेल रेडपाण्डा-थार रुट'को शुभारम्भ 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' का सद्भावनादूत अभिनेता दयाहाङ राईले गर्ने छन्। गत पुसमा शुभारम्भ भएको 'मुन्दुम ट्रेल भ्रमण वर्ष-२०२५' मा आन्तरिक तथा बाहृय गरी करिब एक लाखको हाराहारीमा पर्यटक भित्र्याउने लक्ष्य छ। किराती मिथक तथा संस्कार-संस्कृतिसँग जोडिएको मुन्दुम ट्रेललाई सरकारले १०० पर्यटकीय गन्तव्यको सूचीमा समावेश गरेको छ।

यसैबीच, मुन्दुम ट्रेल भ्रमण वर्षको अवसर पारेर खोटाङ र भोजपुरका विभिन्न स्थानीय तह तथा संघसंस्थाले विभिन्न महोत्सवहरू आयोजना महोत्सवको पनि तयारी गरेका छन्। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकासँगै केपिलासगढी गाउँपालिकामा हनी हन्टिङ तथा गोठस्टे महोत्सव र साकेला गाउँपालिकाले उँधौली-उँभौली साकेला तथा अन्य सांस्कृतिक महोत्सव आयोजना जनाएको छ।

भोजपुरको भोजपुर नगरपालिकामा अल्ट्राम्याराथन तथा माउन्टेन साइक्लिङ, साल्पा सिलिछो गाउँपालिकामा नाछोङ धामी साहित्यिक महोत्सव, षडानन्द नगरपालिकामा रुद्राक्ष महोत्सव, महाकुलुङ गाउँपालिकामा चाकचाकुर महोत्सवलगायतका कार्यक्रम आयोजना गर्ने बताएका छन्। दुई जिल्लाका स्थानीय तहहरूले आ-आफ्नो क्षेत्रमा महोत्सवको आयोजना गरेसँगै मुन्दुम ट्रेलमा आन्तरिक तथा बाहृय पर्यटक पनि आउन थालेका छन्।

खोटाङ र भोजपुरको सीमामा पर्ने यो 'मुन्दुम ट्रेल' तीन हजार १६५ मिटर अग्लो टेम्केडाँडा हुँदै मैयुङ, तीन हजार ७५० मिटरको साल्पापोखरी तथा चार हजार १६५ मिटरको सिलिचुङसम्म पुगेर टुंगिन्छ। पहाडै पहाडको चुचुरामा निर्माण गरिएको 'भर्जिन' गन्तव्यको रूपमा चिनिने 'मुन्दुम ट्रेल' पूरा गर्न विदेशी पर्यटकका लागि करिब १३ दिन तथा नेपालीका लागि १० दिन लाग्ने मैयुङ-टेम्क-साल्पा-सिलिचुङ पर्यटन प्रवर्द्धन केन्द्रका अध्यक्ष रमेश राईले बताए।

# जलाधार क्षेत्रको संरक्षण गर्दै रामप्रसादराई गाउँपालिका

**भोजपुर**– रामप्रसाद राई गाउँपालिकाले जलाधारको संरक्षण सुरु गरेको छ। मानवीय क्रियाकलापका कारण प्राकृतिकरूपमा उम्रिएका मुहान सुक्न नदिन गाउँपालिकाले जलाधार क्षेत्रको संरक्षण थालेको हो।

गाउँपालिकाले नेपाल जलवायु अनुकूलन कार्यक्रमअन्तर्गत वडा नं ३ भुल्केमा रहेका ठूला दुईवटा मुहानको संरक्षण गरेको छ। कार्यक्रमअन्तर्गत २५ लाख रूपैयाँ बजेटबाट पाँचधारे र तीनधारे मुहानको संरक्षणसँगै आवश्यक संरचना निर्माण गरिएको वडाध्यक्ष रामु थापामगरले जानकारी दिए। संरक्षण गरिएका मुहान खानेपानीसँगै सिँचाइका लागि प्रयोग भइरहेको उनको भनाइ छ। 'हामीले यहाँका विभिन्न जलाधार क्षेत्रको संरक्षण गरिरहेका छौं,' वडाध्यक्ष थापामगरले भने, 'प्राकृतिक प्रकोपसँगै मानवीय क्रियाकलापका कारण धेरै मुहान सुक्दै गएको अवस्था छ। मूलहरूको संरक्षणका लागि हामीले यो कार्यक्रम सञ्चालन गरेका हौं।'

जलाधार क्षेत्रको संरक्षणसँगै सो कार्यक्रमअन्तर्गत २०० मिटर सिँचाइ कुलो निर्माण, विश्रामस्थल निर्माण, मुहानको घेराबारा, शौचालय निर्माणलगायत काम गरिएको उनको भनाइ छ। भइरहेका मुहानलाई भविष्यमा सुक्न नदिन रिचार्ज पोखरी निर्माण गरिएको वडाध्यक्ष थापामगरको भनाइ छ।

जलवायु परिवर्तनका कारण विश्वमा धेरै खालका असर देखिन थालेकाले जलाधार क्षेत्रको संरक्षण तथा विकासमा जोड दिएको गाउँपालिका अध्यक्ष थामबहादुर राईले बताए। गाउँपालिकाले यहाँ रहेका मुहानको खोजी तथा पहिचान गरेर संरक्षणको काम गरिरहेको अध्यक्ष राईको भनाइ छ। नेपाल जलवायु अनुकूलन कार्यक्रममार्फत प्राप्त बजेटलाई पर्यावरणको संरक्षण तथा विकासमा खर्च गरिएको उनको भनाइ छ।

यहाँको पाँचधारे, तीनधारे मुहानको संरक्षण भइरहेको उक्त वडाका सदस्य टेकराज भट्टराईले बताए। यो क्षेत्रको एउटै सतहमा रहेका ठूलो मुहान र लम्साल मुहानको पनि वडाले यसअघि संरक्षण गरेको उनले जानकारी दिए। स्थानीय सरकारले जलाधार क्षेत्रको संरक्षणका लागि भुल्के क्षेत्रमा गरिरहेको काम राम्रो रहेको स्थानीयवासी प्रकाश बानियाँले बताए। मुहानहरूलाई सुक्न नदिनका लागि रिचार्ज पोखरी निर्माणका कारण सहयोग पुगेको उनको भनाइ छ। विगतमा मुहानको संरक्षण नहुँदा धेरै समस्या रहेको भए पनि अहिले संरक्षण गरिएपछि स्थानीयवासीलाई सहजता भएको उनको भनाइ छ। *रासस*

# पर्सामा लागुऔषध दुर्व्यसनविरूद्धको तीनमहिने अभियान

**वीरगञ्ज (पर्सा)**– खुला सीमानाका कारण लागुऔषध ओसारपसार तथा सेवन रोक्ने उद्देश्यले यहाँ तीनमहिने चेतनामूलक अभियान सुरु भएको छ। जिल्ला प्रशासन कार्यालयको आयोजनामा बुधबार पर्साका १४ वटै पालिकाका प्रमुख तथा उपप्रमुखको उपस्थितिमा अभियान थालिएको हो।

त्यस अवसरमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले लागुऔषधको रोकथामका लागि सामूहिक प्रयास अपरिहार्य भएको बताए। 'लागुऔषधको रोकथाम तथा नियन्त्रण एकल प्रयासले सम्भव हुन्न। त्यसैले सामूहिक प्रयास गर्नका लागि सबैले हातेमालो गर्न जरुरत छ,' उनले भने। वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले लागुऔषधको दुर्व्यसनी रोकथामका लागि पर्साका सबै पालिका एकजुट भएरअघि बढ्नुपर्ने बताए।

पर्साका प्रहरी नायब उपरीक्षक किशोर लम्सालले लागुऔषधको कारोबारीले पर्सा जिल्लालाई ट्राञ्जिटको रूपमा प्रयोग गर्दै आइरहेकाले त्यसलाई नियन्त्रण गर्न समाजका सबै वर्गको सहयोग आवश्यक हुने बताए। जिल्ला प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा लागुऔषधसम्बन्धी २६९ मुद्दा दर्ता भएका थिए। चालु आवको फागुन मसान्तसम्ममा त्यस्ता मुद्दाको संख्या १०२ पुगेको छ। पर्सा प्रहरी हिरासतमा रहेका ५५ जनामध्ये २७ जना लागुऔषध मुद्दाका अभियुक्त हुन्। *रासस*

## वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८१/१२/३०**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ९४ को ९२१.११ घनफिट काठ र साल जातको दाउरा १.२५ चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ।

**बंगलामुखी सामुदायिक वन उपभोक्ता समूह**
**बागमती -९, मकवानपुर**

# गुल्मीका ४८ प्रतिशत नागरिक स्वास्थ्य बिमाको पहुँचमा

**तम्घास (गुल्मी)**– सामाजिक सुरक्षाअन्तर्गत सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमप्रति जिल्लका नागरिकको आकर्षण बढ्दै गएको छ। स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गराउने उद्देश्यले सुरु गरिएको स्वास्थ्य बिमा कार्यक्रमबाट जिल्लाका ४८.६ प्रतिशत नागरिकले सेवा लिएका छन्।

सर्वसाधारणलाई गुणस्तरीय उपचार प्रदान गरी स्वास्थ्य सेवाको सुनिश्चित गर्ने लक्ष्यका साथ जिल्लामा २०७६ माघ १९ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिएको थियो। बाह्र पालिका रहेको जिल्लामा वि.सं. २०७८ को जनगणना अनुसार दुई लाख ४६ हजार ८३६ जनसंख्या छ।

हालसम्म जिल्लाका एक लाख १९ हजार ९५४ जनाले स्वास्थ्य बिमा गराएका जिल्लास्थित स्वास्थ्य बिमा बोर्डका संयोजक सुवास घिमिरेले जानकारी दिए। सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमको महत्त्व र प्रभावकारिता नागरिकले बुझ्न थालेपछि बिमा गर्नेको संख्या बढिरहेको उनले बताए। घिमिरेका अनुसार जिल्लामा सबैभन्दा बढी रेसुंगा नगरपालिकाका २३ हजार ३९ र सबैभन्दा कम मदानेका तीन हजार ३६० नागरिकले स्वास्थ्य बिमा गराएका छन्।

सरकारले ज्येष्ठ नागरिक, एचआइभी संक्रमित, कुष्ठरोगी र जटिल खालका क्षयरोगीको निःशुल्क स्वास्थ्य बिमा गरिदिने गरेको संयोजक घिमिरेले बताए। ज्येष्ठ नागरिक (७० वर्ष माथिका) १६ हजार ९५४, एचआइभी संक्रमित १६५ परिवारको ४८१, कुष्ठरोगी तीन परिवारका १२ जना, 'क' वर्गका अपांगता भएका ७७१ परिवारका तीन हजार ८८३ र जटिल खालको क्षयरोग लागेका छन्। *रासस*


## युएइमा रोजगार
कम्पनी : OVERSEAS FACILITIES MANAGEMENT SERVICES

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 321882 | चलानी नं. ६०२३५९७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BRICK MASONS | 1 | 0 | 1200 | ४४,१२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 1 | 0 | 1200 | ४४,१२२ | | | | | | | |
| 3 | Painter | 1 | 0 | 1200 | ४४,१२२ | | | | | | | |
| 4 | Plumber | 1 | 0 | 1200 | ४४,१२२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

AL HAYA — श्रम इजाजत नं. १०९३/०७३/०७४

Al Haya Recruitment Pvt. Ltd.

Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610, E-mail : alhaya.recruitment@gmail.com

## साउदीमा रोजगार
कम्पनी : QEMA REAWEA CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८०/११/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 317084 | चलानी नं. ६०२३१२७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1100 | ३९,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ देखि ८ गते (19-21 April 2025) सम्म हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Govt. License 771/065/066

ASMITA INTERNATIONAL OVERSEAS P. LTD.

Panchakanya Marga -08, Kathmandu, Nepal, Tel: +977-01-4461662, 4462547

E-mail : asmitainternational2013@gmail.com

## साउदीमा रोजगार
कम्पनी : Continuous Business Services Company

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 321908 | चलानी नं. ६०२३६००४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 6 | 0 | 1000 | ३५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

BELIEVABLE OVERSEAS PVT.LTD.

Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com

Govt. License No. 1283/074/75


## जग्गा खरिद गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति : २०८१/१२/३०**

रसुवा जिल्लामा निर्माणाधीन रहेको माथिल्लो त्रिशुली -१ जलविद्युत आयोजनाको २२० के.भी. विद्युत प्रसारण लाइन निर्माणको लागि रसुवा जिल्ला उत्तरगया गा.पा. वडा -१, क्षेत्रको जग्गा प्रयोग गर्न दिने नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८१/१२/१८ को निर्णयको अनुसूची -१ को बुँदा नम्बर २ बमोजिम रसुवा जिल्लामा रहेको राष्ट्रिय वनको २.७६७ हेक्टर वन क्षेत्र कम नहुने गरि वन क्षेत्रसंग जोडिएको समान भौगोलिक र परिस्थितिकीय प्रणालीसंग मिल्दो निजी जग्गा खरिद गरि वन तथा भू-संरक्षण विभागको नाममा रजिस्ट्रेशन पास गर्नु पर्ने भनि निर्णय भए बमोजिम सो प्रयोजनको लागि मिलेसम्म आयोजनासंग जोडिएको, भरसक रसुवा जिल्ला उत्तरगया वडा न १ भित्र पर्ने, राष्ट्रिय वन क्षेत्रसंग अनिवार्य रूपमा जोडिएको, राष्ट्रिय वनको रूपमा प्रयोग र विकास गर्न सकिने, समान भौगोलिक र परिस्थितिकिय प्रणालीसंग मिल्दो २.७६७ हेक्टर निजी जग्गा खरिदको लागी आवश्यक परेको हुँदा बेच बिखन गर्न इच्छुक जग्गाधनीहरूले यो सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र (कार्यालय समय) सो दिन बिदा परे सो को भोलि पल्ट आँफुले बेच बिखन गर्न चाहेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पत्र, चालु आ.वा. सम्म बुझाउनु पर्ने राजस्व (कर) तिरेको कागजातहरू, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथै बेच बिखन गर्न चाहेको जग्गाको न्यूनतम मूल्य कायम गरि शिलबन्दी प्रस्ताव आयोजनाको मुख्य कार्यालय थापाथली काठमाडौंमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। सो पेश गरिएको प्रस्तावहरू ८ (आठौं) औं दिन यस आयोजनाको मुख्य कार्यालय थापाथली काठमाडौंमा खोलिने छ। पेश गरिएका कागजातहरू रितपुर्वक भएर नभएको छानबिन गरि स्वीकृत गर्ने नगर्ने अधिकार यस कार्यालयसंग सूरक्षित रहने छ।

**माथिल्लो त्रिशुली -१ जलबिधुत आयोजना**

**नेपाल वाटर एण्ड इनजी डेभलबमेन्ट कम्पनी प्रा.लि.**

**ठेगाना:** काठमाडौं -११, थापाथली LS बिल्डिंग पाँचौं तला

**सम्पर्क नम्बर:** ०१-४४२२२९/०१-४४१२२५७

**इमेल:** administration@nwedc.com.np


## युएइमा रोजगार
कम्पनी : MANPOWER PLUS GENERAL CONTRACTION

पूर्व स्वीकृति मिति : २०८१/१२/२८ | LT. No. 321880 | चलानी नं. ६०२३५९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | 800 | २९,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. २२७/०५८/५९

JOBS CENTER PVT. LTD. (My Careers H.R. Solutions Pvt. Ltd.)

Bansbari, Kathmandu, Nepal, Tel: 015906752, 015906753, 014375876

## युएइमा रोजगार
कम्पनी : ALKANZ JEWELLERY LLC

पूर्व स्वीकृति मिति : २०८०/११/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 300957 | चलानी नं. ६०२१५८२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Jeweller | 5 | 0 | 1500 | ५६,२६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Sales Officer | 4 | 3 | 1500 | ५६,२६२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

MBR

Mobhira Overseas Service Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Tel: +977 -014982832

Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

Govt. License 083/053/054

## जापानमा रोजगार
कम्पनी : International Information Business Cooperative

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 321972 | चलानी नं. ६०२३६०१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laundry | 0 | 4 | 165230 | १५६,७१५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र। (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र। (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः निःशुल्क
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस। ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ।

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 843/066/67

ALL CORNICE OVERSEAS SERVICE

Tokha 10 Samakhusi, Kathmandu, Nepal, Tel: +977-1-4950802 / 4950308, Mob: 9869105999, 9805118339

E-mail : info@allcorniceoverseas.com, allcornice99@gmail.com, Web: allcorniceoverseas.com

## कुवेतमा रोजगार
कम्पनी : Mars Spa Institute and salon for Women's Health Company

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 321824 | चलानी नं. ६०२३६००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beauticians | 0 | 25 | 150 | ६६,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 5 | 100 | ४४,०४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.

Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047

Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## युएइमा रोजगार
कम्पनी : FORPS CLEANING SERVICES L.L.C
शहर : Dubai

पूर्व स्वीकृति मिति : २०८१/१२/२८ | LT. No. 321837 | चलानी नं. ६०२३५९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 30 | 0 | 1000 | ३६,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले — सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Gov.Lic.No.: 1101/073/074

KINETIC H.R.SOLUTION PVT.LTD. (Access Partners Nepal Pvt. Ltd.)

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899

E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

## कुवेतमा रोजगार
कम्पनी : MANOMI ZONE LADIES BEAUTY SALON

पूर्व स्वीकृति मिति : २०८०/११/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 300768 | चलानी नं. ६०२१५६४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 4 | 130 | ५७,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser/nail Technician/beau/barber/manicure/p | 0 | 11 | 150 | ६६,०६० | | | | | | | |
| 3 | Light Driver | 5 | 0 | 150 | ६६,०६० | | | | | | | |
| 4 | Receptionist | 0 | 2 | 150 | ६६,०६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Omega International Pvt. Ltd.

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com

Govt. License No. 1352/074/075

## मलेसियामा रोजगार
कम्पनी : DASB Security Services Sdn Bhd

पूर्व स्वीकृति मिति : २०८१/१२/२९ | LT. No. 321915 | चलानी नं. ६०२३५९१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 30 | 0 | 1700 | ५२,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ वैशाख ६ गते (19th April 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Sandiya Human Resources Pvt. Ltd.

Dhumbarai-4, Kathmandu, Nepal, Phone No. +977-1-5199505, 9808273578, 9851155563

E-mail: sandiyahr17@gmail.com, Website : www.sandiyahr.com

श्रम ईजाजत नं. १०९७/०७३/०७४



# वर्ष २०८१ का अकल्पनीय विपद्
# जलवायुजन्य संकट गहिरिँदै

**▸▸ प्रगति ढकाल/**काठमाडौं

गत असार २८ गते नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत सिमलतालको सिन्दुरे खोल्सीमा आएको लेदोसहितको पहिरो (डेब्रिज)का कारण सडकमा गुडिरहेका दुईवटा यात्रुबाहक बस बगाएको अप्रिय घटना अझै नेपालीहरूको मनमस्तिष्कमा नमिठो सम्झना बनिरहेको छ ।

गृह मन्त्रालयको सिमलताल बस दुर्घटना अध्ययन प्रतिवेदनअनुसार काठमाडौंबाट रौतहटको गौरतर्फ जाँदै गरेको बागमती प्रदेश ०३-००१ ख २४९५ नम्बरको गणपति डिलक्स लेखिएको यात्रुबाहक बसमा ३६ जना र वीरगञ्जबाट काठमाडौं गइरहेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एनल डिलक्स लेखिएको यात्रुबाहक बसमा २६ जना गरी यात्रुसंख्या ६२ जना रहेका थिए ।

जसमध्ये गणपति डिलक्सका तीनजना यात्रु नन्दन दास, जुगेश्वर राय यादव र सरोजकुमार गुप्ता हामफालेर बाँचेका थिए भने बाँकी ५९ जना यात्रु बेपत्ता भएका थिए । पहिरोले बगाउँदा बसहरू त्रिशूली नदीमा खसेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार भीषण वर्षाका कारण सडकमाथिबाट खसेको पहिरोले दुवै बसलाई धकेल्दै नदीमा खसालिदिएको थियो । प्रतिवेदनअनुसार २४ शव फेला पारिए पनि ३५ जना बेपत्ता भएका थिए ।

अर्को घटना, गत साउन ३२ गते दिउँसो साढे १ बजेतिरको हो । सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहितको बाढी आयो । हेर्दाहेर्दै क्षणभरको बाढीले थामे बजार बगरमा परिणत भयो । कहिल्यै कल्पना नगरेको यो घटना सपनाझैं लागिरहेको छ अहिले पनि खुम्बु पासाङल्हामु गाउँपालिकाकी उपाध्यक्ष टासी ल्हामु शेर्पालाई । 'यो विपद्ले यहाँका बासिन्दालाई अझै तर्साइरहेको छ । फेरि पनि कुन दिन हिमपहिरोले ज्यान जोखिममा पर्ने हो चिन्तित छन् यहाँका बासिन्दा,' उनी भन्छन् ।

जल तथा मौसम विज्ञान विभागका अनुसार निरन्तर वर्षा र तापक्रम वृद्धिले सो क्षेत्रमा हिमपहिरो गएको हो वा अन्य कुनै कारणले भन्ने विषयमा गहिरो अध्ययन जरुरी छ । 'प्रारम्भिक अध्ययनमा थामे खोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा सानाठूला गरी छवटा हिमताल-हिमपोखरी रहेको देखिन्छ । उक्त क्षेत्रको नजिक रहेको फोर्से केन्द्रमा विगत सात दिनमा ६५ मिलिमिटर वर्षा मापन भएको छ । साउन २५ गतेदेखि दैनिक औसत तापक्रममा क्रमिक वृद्धि भएको (९.७ बाट ११.० डिग्री सेल्सियस) देखिन्छ र साउन ३१ (अगस्ट १५) गतेको अधिकतम तापक्रम १५.९ डिग्री सेल्सियस पुगेको देखिन्छ,' विभागको भनाइ छ ।

तेस्रो घटना, असोज १०, ११ र १२ गतेका भारी वर्षाले काठमाडौं उपत्यका र आसपासका क्षेत्रमा धनजनको व्यापक क्षति गरेको थियो । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्यांकअनुसार तीन दिनको अवधिमा २५० जनाले ज्यान गुमाए भने १८ जना अझै बेपत्ता छन् । १७८ जना घाइते भएका थिए । झण्डै छ हजार निजी आवासमा क्षति पुगेको प्राधिकरणको तथ्यांक छ ।

उपत्यकाका नदी आसापासका करिडोरहरू अझै धुलाम्मे छन्, कुरूप छन् अझै । सहरी विकास मन्त्रालयका अनुसार बाढीपहिरोजस्ता प्राकृतिक विपद्का कारण सहरी विकास मन्त्रालयअन्तर्गत क्षतिग्रस्त पूर्वाधारका संरचना बनाउन करिब दुई अर्ब ८८ करोड ३४ लाख रूपैयाँ लागत लाग्ने गरिएको छ । स्थानीय पूर्वाधार विभागअन्तर्गत २७ वटा सडकखण्ड र २८ वटा झोलुंगे पुलमा आंशिकरूपमा क्षति र ३२ वटा झोलुंगे पुलमा पूर्णरूपमा क्षति पुगेको छ ।

मन्त्रालयमा अनुसार अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गत बागमती, मनोहरा, धोबीखोला, विष्णुमती, नख्खु, हनुमन्ते, कर्मनासा नदीहरूमा थुपारेको माटो तथा गेग्रान निकाल्ने कार्यका लागि १२ करोड ८१ लाख रूपैयाँ खर्च हुने छ । नदी किनारामा निर्माण गरिएका क्षतिग्रस्त तटबन्ध, पर्खाल र बाटोलगायतका अन्य संरचना पुनः बनाउनका लागि ७० करोड रूपैयाँ खर्च हुने अनुमान गरिएको मन्त्रालयको भनाइ छ ।

वि.सं. २०८१ लाई फर्केर हेर्दा थामेको पहिरोले बस्ती नै विस्थापित हुने अवस्था आउनु, गत असोजमा बाढीका कारण काठमाडौं उपत्यकाका अधिकांश क्षेत्र डुबानमा पर्नु, भौतिक पूर्वाधारहरूको क्षति, आकस्मिक र रेकर्ड तोड्ने वर्षा नै यस वर्षको जलवायुजन्य दुःखद् घटना भएको बताउँछन्, वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन माहाशाखा प्रमुख डा. महेश्वर ढकाल । 'यी घटनाले आगामी दिनमा जलवायु अनुकूलनका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने, पूर्वसूचना र पूर्वतयारी व्यापकरूपमा अगाडि बढाउनुपर्ने पाठसमेत सिकाएको छ,' उनी भन्छन्, 'योसँगै प्रदेश र स्थानीय तहलाई पनि अब जलवायुजन्य विपद् व्यवस्थापनका लागि बलियो बनाएर अगाडि बढ्नुपर्ने रहेछ भन्ने सिकायो ।'

## रेकर्ड तोड्ने वर्षा

यस वर्ष नै सुदूरपश्चिमको दक्षिण-पश्चिमी भू-भागमा पर्ने दोधारा, हनुमाननगर र सुन्दरपुरमा नेपालमा हालसम्म मापन गरिएको सर्वाधिक वर्षा भयो । जल तथा मौसम विज्ञान विभागको वि.सं. २००३ (सन् १९४७) देखिको उपलब्ध तथ्यांकअनुसार यी स्थानमा सर्वाधिक वर्षा मापन भएको थियो । असार २४ बिहान वर्षा मापन गर्दा २४ घण्टाको अवधिमा कञ्चनपुर जिल्लाको दोधारा केन्द्रमा ६२४.० मिमी, हनुमाननगर वर्षा केन्द्रमा ५७३.६ मिमी र सुन्दरपुर केन्द्रमा ५५५.८ मिमी वर्षा भएको मापन गरेका थिए ।

उक्त दिन मनसुन न्यून चापीय रेखा सरदर स्थानमा रहेको भएता पनि सुदूरपश्चिम प्रदेशका दक्षिण-पश्चिमी भू-भाग आसपासको तल्लो वायुमण्डलमा न्यून चापीय प्रणाली विकसित भएको तथा उपल्लो वायुमण्डलमा पनि पश्चिमी वायुको न्यून चापीय रेखा सक्रिय रही अरब सागर तथा बंगालको खाडी दुवैबाट आउने जलवाष्पयुक्त हावा सो स्थानमा सम्मीश्रण भई अति भारी वर्षा भएको विभागको प्रारम्भिक विश्लेषणबाट देखिन्छ ।

## धनजनको क्षति

गत वैशाख १ गतेदेखि चैत १२ गतेसम्मको तथ्यांक हेर्दा पहिरोको कारण ३५९ ले ज्यान गुमाए भने ४८ जना अझै पनि बेपत्ता र २८७ जना घाइते भएका छन् । सो अवधिमा तीन हजार ६९२ वटा घर आंशिक र दुई हजार १३ वटा घर पूर्णरूपमा क्षति भएको छ । पहिरोका कारण ४० वटा पुलमा क्षति पुगेको छ ।

यसैगरी बाढीका कारण ९७ जनाको मृत्यु भएको छ भने १८ जना बेपत्ता र ४८ जना घाइते भएका छन् । भारी वर्षाका कारण आठ जनाले ज्यान गुमएका छन् भने ३८ जना घाइते भएका छन् । हावाहुरीका कारण सात जनाको मत्यु र ४२ जना घाइते भएका छन् । हिउँपहिरोका कारण एक जना बेपत्ता भएका छन् ।

जलवायुविद् डा. पपुलरजेन्टल भुसालले पनि बाढीपहिरोका कारण भएको अकल्पनीय क्षति, हिउँदमा कम वर्षा, हिउँ कम पर्नु, हिमताल विष्फोट हुनुजस्ता यस वर्षका प्राकृतिक प्रकोपले सबैलाई चिन्तित बनाएको बताए । 'पूर्वसूचना दिँदादिँदै पनि यस वर्ष धनजनको क्षति बढी भयो, यो चिन्ताजनक छ,' उनले भने ।

## अकल्पनीय विपद्ले सिकाएको पाठ

ललितपुरमा महानगरपालिका वडा नं २५ बस्ने सीता थापामगरलाई नख्खु खोलामा बाढी आउँछ र आफू बस्दै आएको टहरा रातारात बगाउला भन्ने लागेकै थिएन । यस वर्ष नख्खु र हनुमन्ते खोलामा आएको बाढीले कयौंको उठिबास भयो । गत असोजमा आएको त्यस विनासकारी बाढीले उनलाई तर्साइरहेको छ । '२०औं वर्ष भइसक्यो यही ठाउँमा बसोबास गर्दै आइरहेका छौं । तर यस्तो बाढी आउला भनेर कल्पना पनि गरेका थिएनौं,' उनी भन्छन्, 'त्यो अत्यासलाग्दो बाढीले तर्सारहेको छ । सम्झनै मन लाग्दैन ।'

यो घटनापछि नदी आसपासमा बसोबास गर्न नहुने पाठ सिकाएको बताउँछन्, विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेती । 'नेपालका अधिकांश बस्तीहरू नदी किनारा नजिकै छन् । उपत्यकाको नदी आसपासमा टहरा बनाएर बस्ने पनि थुप्रै छन्,' उनले भने, 'उपत्यकामा पनि बाढीको जोखिम हुँदोरहेछ । अब नदी किनारामा बस्नुहुन्न र विपद्मैत्री संरचना बनाउनुपर्छ भन्ने पाठ सिकाएको छ ।'

जल तथा मौसम विज्ञान विभागका बाढीविज्ञ विनोद पराजुलीले २०८१ सालमा बाढीका आठवटा ठूला घटना भएको जानकारी गराएका छन् । 'यसै वर्ष धेरै पछि नख्खु खोलामा ठूलो बाढी गएको पाइयो । जहाँ २०३८ सालमा यस्तै ठूलो बाढी आएको हाम्रो अध्ययनले देखाएको छ । त्यतिबेला खोला नजिक बस्ती थिएन । त्यसैले मानवीय क्षति हुन पाएन । यसपटक भने किनारसम्मै बस्ती भएकाले क्षति बढी भयो,' उनले भने, 'नख्खु र काभ्रेको रोशी नदीमा बाढी पूर्वानुमानसम्बन्धी प्रणाली जडान भए पनि बाढीले ती यन्त्र बगाएर काम भएन । अबचाहिँ बाढीबाट सुरक्षित स्थानमा यस्ता प्रणाली राख्नुपर्छ भन्ने पाठ सिकाएको छ ।'

भूगर्भविद् डा. सुवोध ढकालले पुराना पहिरो फेरि दोहोरिन थालेको र यसले पुराना पहिरो भएको स्थानमा बस्ती बस्न नहुने पाठ सिकाएको बताए । 'सिमलताल र धादिङको झ्याप्ले खोलामा यस वर्ष पहिरो जाँदा धेरैले ज्यान गुमाए । त्यहाँ पहिला पनि पहिरो गएको थियो,' उनले भने, 'तसर्थ पुराना पहिरोमा भएका बस्तीहरू जोखिममा छन् र यी बस्तीलाई सुरक्षित स्थानमा सार्ने रणनीति राज्यले लिनुपर्छ ।'

> सन् १८५० देखि १९०० लाई आधार वर्ष मान्दा अहिलेसम्म पृथ्वीको तापमान वृद्धि १.४ डिग्री सेल्सियसले बढेको र त्यसमध्ये पनि १.३ डिग्री सेल्सियस मानव सिर्जित रूपमा तापमान वृद्धि भएको अध्ययनले देखाएको छ । विश्वको तापक्रम वृद्धिले नेपालका हिमालमा हिउँ पग्लने र हिमालको अस्तित्व नै नास हुने खतरा बढ्ने बताउँछन् विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेती ।

> जलवायुजन्य विपद्ले २०८१ मा तर्साएर गयो । अब साल फेरिएर २०८२ लाग्दै छ । फेरि यी र यस्ता विपद् २०८२ मा नदोहारिएला भन्न सकिँदैन । विपद् रोक्न नसकिए पनि क्षति कम गर्न भने अवश्य सकिन्छ । हामीले विपद्कै समयमा मात्रै तयारी थाल्ने होइन । विपद्अगावै पूर्वतयारी र पूर्वसूचनालाई प्रभावकारी बनाएर २०८२ का सम्भावित विपद् जोखिम न्यूनीकरणमा राज्य जुट्नुपर्छ ।

## अध्ययन भन्छ: जलवायुजन्य संकटले पिरोलिरहेको छ

जर्मन वाचले गरेको जलवायु जोखिम सूचकांकका अनुसार विश्वमा जलवायुजन्य संकटले पिरोलिरहेको छ । सन् १९९३-२०२२ अवधिमा डोमिनिका, चीन र होन्डुरस प्रतिकूल मौसमी घटनाका प्रभावबाट सबैभन्दा बढी प्रभावित भएका देशहरू थिए । सन् १९९३ देखि २०२२ सम्म, विश्वभरि सात लाख ६७ हजारभन्दा बढी मानिसको मृत्यु भएको र करिब ४२० अर्ब डलर बराबरको क्षति भएको छ ।

'बाढी, आँधी, गर्मीको लहर, र सुक्खा यी घटना बढी भए । १९९३ देखि २०२२ सम्म, आँधी (३५ प्रतिशत), गर्मीको लहर (३० प्रतिशत), र बाढी (२७ प्रतिशत) ले सबैभन्दा बढी मृत्युको कारण बने,' अध्ययनमा उल्लेख छ, 'आँधीले सबैभन्दा ठूलो आर्थिक क्षति पुऱ्याएको छ (५६ प्रतिशत) भने बाढीले (३२ प्रतिशत) क्षति भएको छ ।'

## अहिलेसम्मकै तातो वर्ष

वि.सं. २०८१ मा नै विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ) द्वारा प्रकाशित एउटा अध्ययन प्रतिवेदन सार्वजनिक भयो । जुन तथ्यांकले जलवायुजन्य संकटको डरलाग्दो तथ्य उजागर गरेको थियो । सन् २०२४ को गत जनवरीदेखि सप्टेम्बरमा औसत तापमान औद्योगिक क्रान्ति अघि भन्दा १.५४ (+०.१३) डिग्री सेल्सियसले बढी भएको देखाएको छ ।

सन् १८५० देखि १९०० लाई आधार वर्ष मान्दा अहिलेसम्म पृथ्वीको तापमान वृद्धि १.४ डिग्री सेल्सियसले बढेको र त्यसमध्ये पनि १.३ डिग्री सेल्सियस मानव सिर्जित रूपमा तापमान वृद्धि भएको अध्ययनले देखाएको छ । विश्वको तापक्रम वृद्धिले नेपालका हिमालमा हिउँ पग्लने र हिमालको अस्तित्व नै नास हुने खतरा बढ्ने बताउँछन् विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेती । 'सन् २०२४ तातो वर्षको रूपमा रेकर्ड भएको छ । जसले हिमाल कसरी जोगाउने भन्ने चुनौती छ,' उनले भने ।

## विश्वव्यापी पैरवी गर्न कोप

गत वर्ष नोभेम्बर ११-२४ सम्म अजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारूप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९औं शिखर सम्मेलन (कोप-२९) सम्पन्न भयो । जलवायुजन्य संकटको समाधानका लागि विश्वभरका विज्ञदेखि, राजनीतिक दलका नेतृत्व तथा अन्य सरोकारवालाबीच छलफल र समस्या समाधानका लागि पैरवी गर्ने लक्ष्यका साथ यो सम्मेलन आयोजना गरिएको थियो ।

नेपालका तर्फबाट बाकुमा सम्पन्न कोपमा भाग लिन गएका राष्ट्रपति रामचन्द्र पौडेलले जलवायुजन्य संकटबाट हिमाललाई बचाउन आह्वान गरेका थिए । जलवायुजन्य संकट समाधान गर्न वित्त अनुदानको आकार बढाउनुपर्नेमा कोपमा लामै छलफल भएको थियो । तर नतिजा भने सन्तोषजनक आएन । यस सम्मेलनमा नेपालले गरेको प्रयास भने प्रशंसनीय थियो ।

## पैरवीका लागि सगरमाथा संवाद

यस वर्ष जलवायुजन्य संकटको विषयमा पैरवीलाई अझ बढाउन नेपालले सगरमाथा संवाद आयोजना गर्ने घोषणाले थप चर्चा पाएको छ । आगामी जेठ २ देखि ४ गतेसम्म विश्वका राष्ट्र प्रमुख, सरकार प्रमुख, जलवायु विज्ञ र अनुसन्धानदातालाई आमन्त्रण गरेर नेपालले काठमाडौंमा सगरमाथा संवाद आयोजना गर्ने घोषणा सहित तयारी अगाडि बढाइरहेको छ ।

जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख डा. महेश्वर ढकालका अनुसार हिमालय क्षेत्रमा जलवायुले पारेको असर न्यूनीकरण, जलवायु परिवर्तन, पारिस्थितिकीय व्यवस्थापन र स्थानीय समुदायमा पारेको प्रभावको विषयमा विश्वका वैज्ञानिक, नीति निर्मताहरूबीच चर्चा र विचार आदानप्रदान गर्नु नै संवादको लक्ष्य छ ।

'विभिन्न देशका सरकारी अधिकारी, प्राविधिक, वैज्ञानिक, दातृ निकाय, र स्थानीय समुदायका प्रतिनिधिहरू सहभागी हुने संवादमा हिमालय क्षेत्रमा परेको जलवायुजन्य क्षेत्रीय तथा अन्तरराष्ट्रिय चुनौती, सम्भावना र समाधानको खोजी गरिने र ज्ञान आदानप्रदान गरिने छ,' उनले भने ।

जलवायु युवा अभियन्ता दीक्षा सुवेदीले २०८१ मा अझै जलवायुका मुद्दामा पैरवी बढाउन सरकार सक्षम भएको भन्दै सकारात्मक टिप्पणी गरेकी छन् । 'यसै वर्ष सगरमाथा संवाद, तेस्रो एनडिसीको तयारी, कोपमा पनि युवाको सहभागिता बढाउनु सकारात्मक पहलको रूपमा लिन सकिन्छ,' उनले भनिन्, 'बनेका जलवायुका नीतिहरूको प्रभावकारी कार्यन्वयन गर्नु, युवाको सहभागिता अझै बढाउनुपर्ने, प्रदेश र स्थानीय तहको क्षमता पनि बढाउँदै अगाडि बढ्न आवश्यक छ ।'

## तेस्रो एनडिसी पनि बन्दै

नेपालले सन् २०३५ सम्मको अवधि समेट्नेगरी आफ्नो तेस्रो राष्ट्रिय रूपमा निर्धारण गरिएको योगदान (एनडिसी थर्ड) बनाइरहेको छ । यसलाई पनि २०८१ सालमा भएका महत्त्वपूर्ण योजनाको रूपमा लिन सकिन्छ । मन्त्रालयका अनुसार अहिले मस्यौदा तयार भइरहेको छ । तेस्रो एनडिसीले सन् २०३५ सम्मको अवधि समेट्ने छ भने पहिलो र दोस्रो एनडिसी (कार्यान्वयन योजनासहित) ले सन् २०२५ र २०३० का लक्ष्यहरू पूरा गर्ने उद्देश्य राखेको थियो ।

एनडिसीको तयारी प्रक्रियामा समावेशी परामर्श प्रक्रियामा स्थानीय समुदायहरू र आदिवासी जनजातिलाई समावेश गर्दै 'कसैलाई पछि नछोड्ने' सिद्धान्तलाई अनुशरण गरिएको मन्त्रालयले जानकारी गराएको छ । जलवायु न्यूनीकरण, अनुकूलन, तथा वित्तीय व्यवस्थापनको विस्तृत खाकासहित सन् यसमा २०३५ सम्मको दिगो विकास लक्ष्य, घरेलु तथा अन्तर्राष्ट्रिय वित्तीय स्रोतको परिचालन, तथा स्थानीय तहसम्म जलवायु कार्यान्वयनको योजना समेटेर तेस्रो एनडिसीको मस्यौदा तयार भइरहेको हो ।

जलवायुजन्य विपद्ले २०८१ मा तर्साएर गयो । अब साल फेरिएर २०८२ लाग्दै छ । फेरि यी र यस्ता विपद् २०८२ मा नदोहारिएला भन्न सकिँदैन । विपद् रोक्न नसकिए पनि क्षति कम गर्न भने अवश्य सकिन्छ । हामीले विपद्कै समयमा मात्रै तयारी थाल्ने होइन । विपद्अगावै पूर्वतयारी र पूर्वसूचनालाई प्रभावकारी बनाएर २०८२ का सम्भावित विपद् जोखिम न्यूनीकरणमा राज्य जुट्नुपर्छ । *रासस*

# पालिकास्तरीय अस्पताल भवन अलपत्र



**म्याग्दी–** मंगला गाउँपालिकास्थित १० शयया क्षमताको पालिकास्तरीय अस्पताल भवन अलपत्र बनेको छ । २०७८ असारमा दुई वर्षभित्र सम्पन्न गर्नेगरी नौ करोड ११ लाख रूपैयाँमा ओमबुद्ध इन्टरनेसनल कन्ट्रक्सनले ठेक्का लिएको थियो ।

मंगला-५ हाडेभिरस्थित निर्माणाधीन भवन पछिल्लो एक वर्षयता कुनै पनि भौतिक प्रगति नभएको गाउँपालिकाका उपाध्यक्ष पेमा अधिकारी क्षेत्रीले बताए । 'भवनको भुइँ तलासम्म ढलान गरेका निर्माण व्यवसायीलाई ताकेता गरे पनि काममा फर्किन अटेर गरेका छन्,' उनले भने, 'निर्माण व्यवसायीको ढिलासुस्तीका कारण अस्पताल अलपत्र परेको हो ।'

क्षेत्रीका अनुसार हालसम्म करिब १० प्रतिशतमात्र भौतिक प्रगति भएको छ । एक हजार १२४.६४ वर्गमिटर क्षेत्रफलमा निर्माण हुने उक्त भवनमा ३५ कोठा हुने छन् । आकस्मिक, अन्तरंग, बहिरंग, प्रयोगशाला, औषधि भण्डारण, प्रशासन, चिकित्सक र स्वास्थ्यकर्मीको आवाससहितको भवन अपांगतामैत्री र भूकम्प प्रतिरोधी हुने उनले जानकारी दिए ।

सम्झौतापछि प्रारम्भिक चरणमा जग्गा व्यवस्थापन गरेर सम्पर्कविहीन भएको ठेकेदारको धरौटी जफत, ठेक्का तोड्ने र कालोसूचीमा राख्ने प्रक्रिया अघि बढाएपछि २०८० साल मंसिरमा काममा फर्किएका जनाउँदै कामलाई निरन्तरता नदिएपछि पुनः कारबाही प्रक्रिया अघि बढाइएको गाउँपालिकाले जनाएको छ ।

संघीय सरकारको प्रत्येक स्थानीय तहमा आधार भूत अस्पताल सञ्चालन गर्ने नीतिअनुसार २०७७ साल पुसमा मंगला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले भवनको शिलान्यास गरेका थिए । भवन निर्माणका लागि स्थानीयवासीले छ रोपनी जग्गा उपलब्ध गराएका छन् ।

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-१ दोवामा आठ करोड रूपैयाँ खर्चेर निर्माण भएको पालिकास्तरीय अस्पताल भवन चिकित्सक र उपकरण अभावमा सञ्चालन नहुँदा भवन परिसर झाँडीमा परिणत भएको छ । धवलागिरि गाउँपालिकाको ताकममा पाँच शयया क्षमताको अस्पताल भवन निर्माण भने सुस्तगतिमा अघि बढेको छ ।

रघुगंगा गाउँपालिकामा स्थान विवादका कारण अस्पताल भवन निर्माण प्रक्रिया अघि बढ्न सकेको छैन । मालिका गाउँपालिकाले दरवाङ प्राथमिक स्वास्थ्य केन्द्रलाई आधार भूत अस्पतालमा स्तरोन्नति गरिएको छ । जिल्ला सदरमुकाम अवस्थित बेनी नगरपालिकामा ५० शयया क्षमताको प्रादेशिक बेनी अस्पताल निर्माण गरी सञ्चालनमा आएको छ । *रासस*

# लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य रणनीति कार्यान्वयनमा

**लुम्बिनी (प्रस)–** लुम्बिनी प्रदेशमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिक कार्ययोजना कार्यान्वयनमा आएको छ । प्रदेश सरकारको नेतृत्वमा स्थानीय तह र स्वास्थ्य विकास साझेदार संस्थासँगको सहकार्यमा उक्त रणनीति कार्यान्वयनमा आएको हो ।

लुम्बिनी प्रदेशका अस्पताल तथा स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृतहरूलाई आधार भूत मानसिक स्वास्थ्यसम्बन्धी तालिम दिएर कार्ययोजना कार्यान्वयन गरिएको हो । मानसिक स्वास्थ्य सेवा प्रभावकारी बनाउन प्राथमिकतामा राखिएको लुम्बिनी प्रदेश सरकारका स्वास्थ्यमन्त्री खेमबहादुर सारुले जानकारी दिए ।

'नीति तथा कार्यक्रममा समावेश गरेर यो अभियानलाई अघि बढाएका छौं । सबै उमेर समूहमा मानसिक स्वास्थ्यका समस्या देखिएका छन्,' उनले भने, 'मानसिक र सामाजिक स्वास्थ्य सुदृढीकरणका लागि रोमिङ नर्स सेवा विस्तार गरेका छौं । मनोसामाजिक परामर्शदाता परिचालन गर्ने, बालविवाह न्यूनीकरण र प्रजनन स्वास्थ्य सेवा प्रभावकारी बनाउनेतर्फ हामीले ध्यान दिएका छौं ।'

स्वास्थ्यसचिव दुर्गालक्ष्मी श्रेष्ठले मानसिक स्वास्थ्य क्षेत्रलाई अझ सुधार गरेर अघि बढाउन प्राथमिकता राखिएको बताइन् । प्राध्यापक डा. विद्यादेव शर्माले मानसिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै नीति तथा बजेट निर्माण गर्न सरकारलाई आग्रह गरे । लुम्बिनी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक रोशनलाल चौधरीले मानसिक स्वास्थ्य सेवा पहुँचयुक्त र स्वास्थ्यकर्मी सेवा प्रवाहमा चुस्त हुनुपर्नेमा जोड दिए ।

लुम्बिनी प्रदेश सरकारको नेतृत्वमा सिएमसी-नेपालको प्राविधिक सहयोगमा निर्माण गरिएको पाँचवर्षे मानसिक स्वास्थ्य तथा मनोसामाजिक रणनीतिअन्तर्गत विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । सिएमसी-नेपालका नीति, रणनीति तथा सुशासन प्रमुख हिमाल गैरेले मानसिक स्वास्थ्य सेवाको पहुँच विस्तार गर्दै स्वास्थ्य केन्द्रहरूमा आवश्यक सेवा प्रवाह गरिने जानकारी दिए ।

उनले विद्यालय, समुदाय र कार्यस्थलमा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन, मानसिक रोगको रोकथाम तथा सचेतना अभिवृद्धि, मानसिक स्वास्थ्यलाई अन्य सामान्य स्वास्थ्य सेवासँग जोड्ने, आत्महत्या रोकथामका लागि विशेष कार्यक्रम सञ्चालन गरिने बताए । प्रमुख गैरेले यसले जोखिममा परेका समूहको पहिचान र सहयोगमा मद्दत पुऱ्याउनुका साथै लागुऔषध नियन्त्रण र पुनःस्थापना केन्द्रहरूको सुदृढीकरण पनि रणनीतिमा समेटिएको जानकारी दिए ।


## काठमाडौ उपत्यका खानेपानी लिमिटेड

### मध्यपुर ठिमी शाखा

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/१२/३० गते**

तपशिलमा उल्लेखित स्थानहरूमा कार्य गर्नुपर्ने भएकोले इजाजत प्राप्त व्यावसायीहरूबाट नेपाल सरकारको सम्बन्धित कार्यालयमा दर्ता भई प्राप्त गरेको इजाजत पत्र, स्थायी लेखा नम्बर, मु.अ.कर दर्ता प्रमाण-पत्र, बोलपत्र उपलब्ध गराई पाउँ भन्ने निवेदन आ.व. ०८०/०८१ को कर चुक्ता गरेको प्रमाण पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरि सिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित सर्तहरूको अधिनमा रहि छुट्टा-छुट्टै दरभाउपत्र खरिद गर्न र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सिलबन्दी दरभाउपत्र साथ तपशिलमा उल्लेखित दरभाउपत्र जमानत रकम यस शाखा कार्यालयको नाममा नविल बैंक, मध्यपुरठिमी शाखामा रहेको धरौटी खाता नं. 3401017500064 मा जम्मा गरेको सक्कल भौचर वा 'क' वर्गका नेपाली बैंक वा वितिय संस्थाहरूबाट जारी गरेको जमानीपत्र पेश गर्नु पर्नेछ । दरभाउपत्र फारम दस्तुर बापतको रकम नविल बैंकको चल्ती खाता नं. 3401017500063 मा जम्मा गर्न सकिने छ । सिलबन्दी दरभाउपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, पेश गर्ने र खोल्ने अन्तिम दिन मानिनेछ ।

| सि. न. | सिलबन्दी बोलपत्र नम्बर | कामको विवरण | ठेक्काको किसिम | फारम दस्तुर (फिर्ता नहुने) | ल.ई. रकम (मु.अ.कर सहित) | सिलबन्दी दरभाउपत्र जमानत रकम | बैंक जमानी आवधि |
|---|---|---|---|---|---|---|---|
| १ | KUKL/KUKL THIMI/SQ/ WORKS/03/ 2081-082 | Supply, Laying and Installation of 63mm dia. HDPE pipeline works at SS chowk, Madhyapur Thimi-05 | सिलबन्दी दरभाउपत्र | १००० | ९,०३,८८२.९३ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| २ | KUKL/KUKL THIMI/SQ/WORKS/ 04/2081-082 | 3" dia. HDPE bypass line extension works near Seabird college, Madhyapur Thimi-04 | सिलबन्दी दरभाउपत्र | १००० | ८,४९,३०७.३२ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ३ | KUKL/KUKL THIMI/SQ/WORKS/ 05/2081-082 | Interconnection and improvement works at Lokanthali, Kaushaltar, Tersetar etc. | सिलबन्दी दरभाउपत्र | १००० | ८,६०,६३४.१५ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ४ | KUKL/KUKL THIMI/SQ/WORKS/ 06/2081-082 | Relocation, replacement, upgradation of exisitng pipeline network at Gaththaghar-Kaushaltar area | सिलबन्दी दरभाउपत्र | १००० | ९,००,८०९.७६ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ५ | KUKL/KUKL THIMI/SQ/WORKS/ 07/2081-082 | Improvement of existing 3" dia. Distribution line from Indrakamal reservoir by replacing with 160mm dia. HDPE pipeline | सिलबन्दी दरभाउपत्र | १००० | ९,५९,३९९.०२ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ६ | KUKL/KUKL THIMI/SQ/WORKS/ 08/2081-082 | Construction of Valve Chamber at different locations of Madhyapur Thimi Municipality | सिलबन्दी दरभाउपत्र | १००० | ८,०४,४४४.८८ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ७ | KUKL/KUKL THIMI/SQ/WORKS/ 09/2081-082 | Extension of 110mm dia. HDPE pipeline works near Nist School, Lokanthali | सिलबन्दी दरभाउपत्र | १००० | ९,४५,१४३.४१ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ८ | KUKL/KUKL THIMI/SQ/WORKS/ 10/2081-082 | Improvement of Rapid Sand Filter at Bode Water Treatment Plant, Madhyapur Thimi | सिलबन्दी दरभाउपत्र | १००० | ८,५७,८६८.२९ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ९ | KUKL/KUKL THIMI/SQ/WORKS/ 11/2081-082 | Upgradation of treatment process by improving pressure filter at Lokanthali | सिलबन्दी दरभाउपत्र | १००० | ७,६५,४५५.६१ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| १० | KUKL/KUKL THIMI/SQ/WORKS/ 12/2081-082 | Construction of traditional dhungedhara at Madhyapur Thimi | सिलबन्दी दरभाउपत्र | १००० | ८,१२,२४५.५४ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| ११ | KUKL/KUKL THIMI/SQ/WORKS/ 13/2081-082 | Rehabilitation of Water Treatment Plant at different places of Thimi Branch (Natyeshwori, Lokanthali) | सिलबन्दी दरभाउपत्र | १००० | १९,४४,५६६.९९ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |
| १२ | KUKL/KUKL THIMI/SQ/WORKS/ 14/2081-082 | 2" dia. distribution pipeline extension works at Bahakha chowk, Madhyapur Thimi-06 | सिलबन्दी दरभाउपत्र | १००० | ७,९१,९७२.६८ | २५,००० | दर्ता गर्ने अन्तिम मितिबाट ७५ दिन । |

**फारम बिक्री आवधि र स्थान**ः प्रथम पटक प्रकाशित मितिले १५ औ दिनको कार्यालय समय भित्र, मध्यपुर ठिमी शाखा कार्यालय, भक्तपुर ।

**फारम दर्ता आवधि र स्थान**ः प्रथम पटक प्रकाशित मितिले १६ औ दिनको १२:०० बजे सम्म, मध्यपुर ठिमी शाखा कार्यालय, भक्तपुर ।

**सिलबन्दी दरभाउपत्र खोल्ने मिति र स्थान**ः प्रथम पटक प्रकाशित मितिले १६ औ दिनको १:०० बजे मध्यपुर ठिमी शाखा कार्यालय, भक्तपुर ।

रूपशाला

## नृपेशको 'तिम्रो मायाको मलाई'मा बज्राचार्यको स्वर

गायक पूर्णमान बज्राचार्यको स्वर, नृपेश उप्रेतीको शब्द रहेको गीत 'तिम्रो मायाको मलाई साह्रै खाँचो छ' सार्वजनिक भएको छ । खुशी इन्टरटेनमेन्ट मार्फत सार्वजनिक गीतमा चर्चित 'टिकटकर जोडी' स्मारिका ढकाल र सुरेश कोहलीको अभिनय छ । धादिङका बज्राचार्य पछिल्लो समय बेलायत बस्दै आएका छन् । गीतमा उप्रेतीकै संगीत, पुरूषोत्तम सुवेदीको संगीत संयोजन छ । शक्तिप्रज्वल घिमिरेको सम्पादन र निर्देशन रहेको गीतको भिडियो राजेश घिमिरेले छायांकन गरेका छन् । भिडियोमा कोरियोग्राफी प्रवीण थापा छ ।



# सुमित्रालाई ब्युटिसियन ट्यालेन्ट नेपालको ताज




■ प्रभाव संवाददाता

**काठमाडौं–** 'एच्यु हेयर ओयल ब्युटिसियन ट्यालेन्ट नेपाल २०२५'को उपाधि शिर्ष उपाधि विराटनगरकी ब्युटिसियन सुमित्रा खवासले जितेकी छन् ।

ललितपुरको च्यासलस्थित ज्यापु एकेडेमी भवनमा बिहीबार सम्पन्न प्रतियोगितामा शीर्ष उपाधिसहित सुमित्राले २५ हजार रूपैयाँ र विभिन्न पुरस्कार समेत प्राप्त गरेकी छिन् । उनले भिवर्स च्वाईस र इन्टेलिजेन्ट ब्युटिसियनको अवार्ड पनि हात पारिन् ।

प्रतिस्पर्धामा धादिङकी ब्युटिसियन सुजिता अधिकारीले १५ हजार रूपैयाँसहित फस्ट रनर अपको उपाधि जित्दा धरानकी ब्युटिसियन स्मृति सुब्बाले १० हजार रूपैयाँसहित सेकेन्ड रनर अपको उपाधि प्राप्त गरिन् । स्मृतिले वेस्ट ड्रेस र वेस्ट क्याटवाकको उपाधि पनि हासिल गरिन् ।

रोज ब्युटी एकेडेमी र विलक्षण क्रियसन प्रा.लि.द्धारा आयोजित प्रतियोगीताको ग्रान्ड फिनालेको निर्णायकमा गणेशमान सिंह प्राविधिक शिक्षालयका प्रिन्सिपल डिएन पराजुली, अभिनेता यसराज गराच, फेशन डिजाइनर तथा पूर्व मिसेस् युनिभर्स नेपाल मनीषा डंगोल श्रेष्ठ, अन्तर्राष्ट्रिय फेशन कोरियोग्राफर अश्विनी कान्त, एच्यु हेयर ओयलकी प्रबन्ध निर्देशक विमला मानन्धर र अग्रज ब्युटिसियन निशा शाक्य थिए ।

आयोजक संस्था रोज ब्युटी एकेडेमीकी अध्यक्ष एवम् अग्रज ब्युटिसियन सोनी कारंजितले ब्युटिसियनहरूको व्यक्तित्व विकासको लागि विगत ८ वर्षबाट नियमित रूपमा यो प्रतियोगिता आयोजना गर्दै आएको बताइन् ।

# दिव्यदेवका दुई चलचित्र एकसाथ



**काठमाडौं–** केही समययता एकै अभिनेताको दुई चलचित्र एकसाथ प्रदर्शन हुने क्रम बढ्न थालेको छ । अभिनेता दयाहाङ राईले अभिनय गरेको चलचित्र 'अञ्जिला' गत फागुन २९ र 'राजगञ्ज' यही चैत १ देखि प्रदर्शन भइरहेका छन् । एक दिनको फरकमा एकै अभिनेताको दुई चलचित्र प्रदर्शन हुँदा त्यसको असर पर्ने अनुमान गरिएको थियो ।

सोही अनुसार अञ्जिला व्यावसायिक रूपमा सफल भए पनि राजगञ्जले उल्लेख्य सफलता हासिल गर्न सकेको छैन । शुक्रबारदेखि अभिनेता दिव्यदेव पन्तले अभिनय गरेको दुई चलचित्र 'कर्मा' र 'पिताम्बर' एकसाथ प्रदर्शन भएका छन् । नाटक हुँदै चलचित्रमा अभिनेता बनेका पन्तले 'कर्मा'मा नेपाल प्रहरी र 'पिताम्बर'मा खलनायकको भूमिका निर्वाह गरेका छन् । आफ्नो पात्रलाई जीवन्त बनाउन हरप्रयास गर्ने अभिनेता पन्तले नयाँ अनुभव भइरहेको बताए । 'दुई चलचित्र एकसाथ प्रदर्शन भएको पहिलोपटक हो । दुवै चलचित्रमा मैले आफू देखिने भन्दा पनि पात्रलाई पर्दामा ल्याउने कोसिस गरेको छु । अभिनेता म भए पनि पर्दामा देखिने पात्र फरक भएकाले दर्शकले त्यहाँ दिव्य नभई हेर्ने चलचित्रको पात्र पाउनु हुनेछ', पन्तले भने ।

नेपाली चलचित्रमा 'आवरण'मार्फत अभिनय यात्राको सुरुआत गरेका अभिनेता पन्त प्रायः कलात्मक चलचित्रमा देखिन्छन् । कलात्मकतालाई प्राथमिकता दिने उनले 'महाजात्रा' चलचित्रपछि लगातार व्यावसायिक चलचित्रमा काम गरिरहेका छन् ।

'अभिनेताले सबै किसिमको चलचित्रमा काम गर्नुपर्छ भन्ने लागेर नै मैले आफूलाई पर्दामा उतारिरहेको गरिरहेको छु । व्यावसायिक होस् वा कलात्मक म आफ्नो पात्रलाई जीवन्त र भिन्न बनाउने कोसिस गरिरहेको हुन्छु । हरेक विधाको चलचित्रमा काम गर्दा यसले मेरो अभियान यात्रामा अनुभव थप्छ भन्ने विश्वास छ', उनले भने ।

अभिनेता पन्त केही समय विश्राम गरेर आगामी चलचित्रमा काम गर्ने योजनामा छन् । लगातार काम गर्दा त्यसको प्रभाव समीक्षा गर्न नपाउने भएकाले उनले विश्राम लिने योजना बनाएको बताए । 'आफ्नै कामको मूल्याङ्कन गर्न जरुरी छ, त्यसकारण केही समय विश्राम गरेर त्यसलाई समीक्षा गर्नेछु । म बेलाबखतमा रङ्गमञ्चमा पनि प्रस्तुत हुन्छु, किनकि त्यहाँ आफ्नो अभिनयलाई मापन गर्न सकिन्छ', अभिनेता पन्तले भने ।

**'पिताम्बर' धेरै कलाकार हुनुको कारण**

चलचित्र 'पिताम्बर' शुक्रबारदेखि प्रदर्शन भएको छ । नेपालसहित विदेशका केही स्थानमा प्रदर्शन भएको चलचित्रमा कलाकारको भीडभाड नै देखिएको छ । अभिनेता सौगात मल्ल, दयाहाङ राई, प्रदीप खड्का, अनुपविक्रम शाही, आर्यन सिग्देल, दिव्यदेव पन्त, प्रमोद अग्रहरि, दिव्या रायमाझी, सुपुष्पा भट्ट, सुरक्षा पन्त, गौरव विष्टलगायत कलाकारले चलचित्रमा अभिनय गरेका छन् । उल्लेखित कलाकारहरू कथाको मागका कारण राखिएको निर्देशक कृषा चौलागाईंले जानकारी दिइन् । उनले चलचित्र हेरिरहँदा दर्शकले हरेक कलाकारलाई कथासँग जोडिएर प्रस्तुत गरेको अनुभूति गर्ने बताइन् ।

'हामीले दर्शकलाई एउटा स्तरीय चलचित्र दिने कोसिस गरेका छौं । कलाकारको भीडभाड देखिए पनि कथाअनुसार सबै आवश्यक छ । यो चलचित्रपछि अन्य निर्मातालाई पनि यी कलाकारलाई लिएर चलचित्र निर्माण गर्ने आँट आउनेछ', निर्देशक चौलागाईंले भनिन् । उनले दर्शकले आफूलाई मन परेको कलाकारलाई पहिलेभन्दा भिन्न तरिकाले चलचित्रमा देख्न पाउने बताइन् । अभिनेता प्रदीप खड्काले चलचित्रका लागि द्वन्द्वको प्रशिक्षण लिएर आफ्नो पात्रलाई तयार गरेको जानकारी दिए । उनले पात्रका लागि शारीरिक तौल घट्बढ्सँगै आवश्यक तयारी गरेको बताए ।

उनले भने, 'निर्देशक, निर्मातासहितको समूहले मलाई सुहाउँदो भूमिका छ र यसको तयारी गर्नुपर्छ भनेपछि मैले आफ्नोतर्फबाट प्रयास गरेको हुँ । यसअगाडि एक सामाजिक विषयसँग सम्बन्धित चलचित्रका लागि तौल घटाएको थिएँ, यसका लागि बढाएर आफूलाई पात्रअनुसार तयार गरेँ । एक महिला निर्देशकले द्वन्द्व प्रधान चलचित्र बनाउँछु भनेपछि म तयार भएको हुँ ।' उनले बिनासम्झौता चलचित्र तयार भएको भन्दै सामाजिक विषयलाई द्वन्द्व विधामा प्रस्तुत गरिएको जानकारी दिए । प्रायः प्रेम कथानक चलचित्रमा अभिनय गरेका अभिनेता खड्काले पहिलोपटक यस प्रकारको द्वन्द्व विधाका लागि आफू तयार भएर अभिनय गरेका हुन् ।

चलचित्र भव्य बनेको अभिनेता दिव्यदेव पन्तको भनाइ छ । उनले निर्माण समूहको सोच र लगनशीलता देखेर सम्पूर्ण कलाकारले मेहनत गर्नुभएको बताए । 'चलचित्रलाई राम्रो बनाउन कुनै सम्झौता गरिएको छैन । यति धेरै कलाकार र बजेटमा एउटा महिला निर्देशकले द्वन्द्व प्रधान चलचित्र तयार गर्नुभएको कुराले अन्य चलचित्रकर्मीलाई पनि उत्साहित बनाएको छ,' उनले भने ।

सो चलचित्रमा रवीन्द्र झा, कामेश्वर चौरासिया, टीका पहाडी, सुलभ पहाडी, सुरवीर पण्डित, विशाल पहाडीलगायत कलाकारले अभिनय गरेका छन् । विशाल चौलागाईं निर्माता रहेको उक्त चलचित्रमा पुरुषोत्तम प्रधानले छायाङ्कन, निर्देशक प्रदीप भारद्वाज र अभिमन्यु निरवीले पटकथा र संवाद लेखन, शेरबहादुर लामा र मानकृष्ण महर्जनले छायाङ्कन, बन्देप्रसादले सम्पादन, आशिष अविरल र बाबुल गिरीले सङ्गीत सृजना, हिमाल केसीले द्वन्द्व निर्देशन गरेका छन् । *रासस*



एनएसएल फुटबल

# काठमाडौंविरुद्ध धनगढीको शानदार जित

■ प्रभाव संवाददाता



**काठमाडौं –** अहमद हिजाजीको ह्याट्रिकसँगै धनगढी एफसीले नेपाल सुपर लिग (एनएसएल)मा शीर्ष स्थानमा उक्लिएको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा शुक्रबार सम्पन्न खेलमा साबिक उपविजेता धनगढीले पहिलो संस्करणको विजेता काठमाडौं रेजर्सविरुद्ध ३-१ को पुनरागमन जित दर्ता गरेको हो ।

जितसँगै चार खेलमा आठ अंक जोडेको धनगढी शीर्ष स्थानमा उक्लिएको छ । समान अंक रहे पनि साबिक विजेता ललितपुर सिटी एफसी गोलअन्तरमा पछि परेको छ । पराजित काठमाडौं पाँच खेलबाट पाँच अंकका साथ चौथो स्थानमा छ ।

२२औं मिनेटमा ओमोडोउ डिओपको गोलमार्फत काठमाडौंले सुरुआती अग्रता लिएको थियो । तर, ३५औं मिनेटमा हिजाजीले धनगढीलाई खेलमा फर्काए ।

निर्धारित पहिलो हाफ सकिन चार मिनेटमा बाँकी रहँदा हिजाजीले नै गोल गर्दै धनगढीलाई २-१ को अग्रता दिलाए । त्यसपछि पहिलो हाफको इन्जुरी समयमा हिजाजीले ह्याट्रिक पूरा गरे । जारी एनएसएलमा ह्याट्रिक गर्ने हिजाजी पहिलो खेलाडी बनेका छन् ।

दुवै टोली ८६औं मिनेटमा १० खेलाडीमा समेटिए । एकअर्कासँग झगडा गरेपछि रेफ्रीले प्रज्ज्वल क्षेत्रीले धनगढीका रक्षक रनदीप पौडेललाई दोहारो पहेंलोसहित रातो देखाए । यता, काठमाडौंका फरवार्ड भिन्सेन्ट कोजिएलो पनि सिधै रातो कार्ड पाए ।

# वैशाखमा जुम्ला-रारा अल्ट्रा म्याराथन

**जुम्ला (प्रस)–** जुम्लाको सदरमुकाम खलङ्गामा आगामी वैशाख २७ गते छैटौं संस्करणको जुम्ला-रारा अल्ट्रा म्याराथन आयोजना हुने भएको छ । कर्णाली खेलकुद क्लब जुम्लाको आयोजनामा हुने प्रतियोगिताले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण सहयोग गर्ने अपेक्षा गरिएको छ ।

क्लबका संरक्षक तथा अन्तरराष्ट्रिय ओलम्पियन र गिनिज बुक अफ वर्ल्ड रेकर्ड धावक हरिबहादुर रोकायको नेतृत्वमा यो प्रतियोगिता हरेक वर्ष हुँदै आएको क्लबका अध्यक्ष सरोज शाहीले जानकारी दिए ।

अन्तरराष्ट्रिय मापदण्डअनुसार कूल ५१ किलोमिटरको दूरी तोकिएको छ । अध्यक्ष शाहीले भने, 'अघिल्ला वर्षमा ४९ किलोमिटर रहेको थियो । अहिले दौडको मार्ग परिवर्तन गरिएकोछ । जसमा खालीदेखि न्याउरीघाटसम्मको नयाँ पदमार्ग निर्माण भइरहेको छ ।'

प्रतियोगिता सञ्चालना लागि प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र डिभिजन वन कार्यालय जुम्लाले बजेट व्यवस्थापन गरेको छ । नयाँ रुट माथिल्लो मिलीचौरदेखि राराताल किनार, ठाकुर बाबाको मन्दिर हुँदै हुटुमा समापन हुनेछ ।

दौडमा सहभागी खेलाडीहरूले तिरेको दर्ता शुल्कको १० प्रतिशत उच्च पर्वतीय प्रशिक्षण भवन निर्माणका लागि छुट्याइने छ । प्रतियोगितामा ५१ किलोमिटर अल्ट्रा दौड, पाँच किलोमिटर खुला दौड (उद्योगी, व्यापारी, कर्मचारी) र १० किलोमिटर विद्यार्थी दौड १९ वर्षमुनी गरी करिब एक सय जना सहभागी हुने जनाइएको छ ।

क्लबका सचिव मधु न्यौपानेले दौडमा स्थानीय, राष्ट्रिय र अन्तरराष्ट्रिय धावकको सहभागिता रहने बताए । विगतका प्रतियोगितामा बेलायत, नेदरल्याण्ड, भारत, इटाली र अमेरिकाबाट धावकहरूले भाग लिएका थिए ।

दौड चन्दननाथ भैरवनाथको आँगन, खलङ्गा बजारको जुम्लाबाट सुरु भई मुगुको रारा तालको हुटुमा समापन हुने क्लबका सचिव न्यौपानेको भनाइ छ । कूल ५१ किलोमिटर अल्ट्रा दौडका लागि सार्क राष्ट्रका धावकहरूले रु १४ हजार पाँच सय र अन्य देशका धावकहरूले रु २० हजार तिर्नुपर्नेछ भने नेपाली र स्थानीय धावकहरूका लागि रु पाँच हजार तोकिएको छ ।

कूल ५१ किलोमिटर प्रतियोगितामा प्रथम हुने महिला र पुरुष दुवैतर्फ रु एक/एक लाख प्राप्त गर्नेछन् भने दोस्रो हुनेले रु ७५ हजार, तेस्रो हुनेले रु ५० हजार, चौथो र पाँचौ हुनेलाई रु २० हजार प्रदान गरिनेछ ।

# दशौं राष्ट्रिय खेलकुद जेठमा नहुने




■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी वर्ष जेठमा कर्णाली प्रदेशमा तय भएको दशौँ राष्ट्रिय खेलकुद नहुने भएको छ । दोस्रो पटक मिति सार्दै २०८२ साल जेठ ३ देखि १० गतेसम्म कर्णालीमा दशौँ राष्ट्रिय खेलकुद हुने तय थियो । तर यो आर्थिक वर्षमा अब दशौँ हुने पक्का भएको छ ।

शुक्रबार युवा तथा खेलकुद मन्त्रालयमा जारी राष्ट्रिय खेलकुद परिषदको बोर्ड बैठकमा युवा तथा खेलकुद मन्त्री तेजुलाल चौधरीले राष्ट्रिय खेलकुद जेठमा नहुने निर्णय सुनाएका हुन् । यो आर्थिक वर्षमा दशौँ नहुने जानकारी गराएको बोर्डका एक सदस्यले जानकारी दिए ।

२०७९ सालमा गण्डकी प्रदेशमा भएको नवौँ राष्ट्रिय खेलकुदको समापन अवसर दुई वर्षपछि २०८१ मंसिरमा दशौँ कर्णाली प्रदेशमा गर्ने गरी झण्डा हस्तानतरण गरिएको थियो । तर भौतिक पूर्वाधार र विभिन्न कारण देखाउँदै निर्धारित समयमा दशा हुन सकेन र पहिलो पटक मिति सारेर २०८१ चैतमा गर्ने निर्णय गरिएको थियो ।

आर्थिक कारण देखाउँदै चैतमा पनि गर्न नसकिने भन्दै दोस्रो पटक मिति सारेर २०८२ जेठमा पुऱ्याइएको थियो । अब जेठमा पनि नहुने ऐएपछि दशौँ राष्ट्रिय खेलकुद यो आर्थिक वर्षमा टरेको छ ।

राखेपको उपाध्यक्षको कारण दशौं राष्ट्रिय खेलकुद नहुने अवस्था सिर्जना भएको राखेपका एक बोर्ड सदस्यले बताए । हाल सरकारको नेतृत्व गरिरहेका नेकपा एमालेको कोटाबाट राखेपको उपाध्यक्षमा नियुक्त भएका ध्रुव आचार्यसहित ५ बोर्ड सदस्यले बिहीबार प्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेका थिए । त्यही भेटपछि दशौं राष्ट्रिय खेल तोकिएको समयमा नहुने अवस्था आएको ती सदस्यले बताए ।

बैठकमा राष्ट्रिय खेलकुद र विभिन्न खेल संघका तदर्थ समिति गठन लगायत एजेन्डामा छलफल भइरहेको छ । बैठक चलिरहेको र सबैले आ-आफ्नो धारणा राखिरहेकोले बैठकको अन्तिम निर्णय भने पछि सार्वजनिक हुने एक सदस्यले बताए ।




म्यानमारको मन्डलेमा आएको विनासकारी भूकम्पपछि क्षतिग्रस्त मन्दिरको भग्नावशेष हटाइँदै । गत मार्च २८ मा आएको ७.७ म्याग्निच्युडको भूकम्पले म्यानमारभरि भवनहरू ध्वस्त पारेको थियो, जसबाट तीन हजार ४०० भन्दा बढी मानिसहरूको मृत्यु भएको थियो र हजारौंलाई घरबारविहीन बनाइएको थियो । *तस्विरः एएफपी*

# चिनियाँ राष्ट्रपति सी र स्पेनिस प्रधानमन्त्री साञ्चेजबीच बेइजिङमा भेटवार्ता

**बेइजिङ–** चिनियाँ राष्ट्रपति सी चिनफिङले शुक्रबार स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजसँग भेटवार्ता गरेको बेइजिङको सरकारी समाचार एजेन्सी सिन्ह्वाले जनाएको छ ।

युरोपेली संघ (इयू) ले गत हप्ता घोषणा गरिएको अमेरिकी आयात भन्सार शुल्कले विश्वबजारलाई तल झारेको उथलपुथलको सामना गर्दै आफ्नो विश्वव्यापी व्यापारिक सम्बन्धलाई पुनर्विचार गरिरहेको समयमा साञ्चेजको यो भ्रमण भएको छ । समाजवादी प्रधानमन्त्री साञ्चेज दुई वर्षभन्दा कम समयमा तेस्रोपटक चीन भ्रमणमा आएका हुन् । स्पेनले आफ्नो चौथो ठूलो व्यापारिक साझेदार चीनबाट हरेक वर्ष करिब ४५ अर्ब युरो (४९ अर्ब १० करोड डलर) को सामान खरिद गर्छ तर करिब सात अर्ब ४०



करोड युरो मूल्यको सामान बिक्री गर्छ ।

साञ्चेजले सन् २०२४ सेप्टेम्बरमा चीनको आफ्नो अन्तिम भ्रमणमा युरोपेली सङ्घका बाँकी सदस्यहरूसँग सम्बन्ध तोडेका थिए र चिनियाँ विद्युतीय कारहरूमा उच्च भन्सार शुल्क लगाउने योजनामा पुनर्विचार गर्न र 'निष्पक्ष व्यापार व्यवस्था' का लागि आह्वान गरेका थिए । इयूले सरकार समर्थित चिनियाँ कम्पनीहरूबाट हुने अनुचित प्रतिस्पर्धाबाट युरोपेली उत्पादकहरूलाई जोगाउन भन्सार शुल्क आवश्यक रहेको तर्क गरेको थियो ।

उनको चीन भ्रमण भियतनामको भ्रमणपछि भएको हो । भियतनामको राजधानी हनोईमा बुधबार उनी र समकक्षी फाम मिन्ह चिन्हले व्यापक रणनीतिक साझेदारीको स्तरमा पुऱ्याउने उद्देश्यले संयुक्त घोषणापत्रमा हस्ताक्षर गरेका थिए । *रासस/एएफपी*

# अमेरिकी रक्षामन्त्रीले गरे पाँच अर्ब १० करोड डलर खर्च कटौतीको घोषणा

**वासिङ्टन–** अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रमुख पीट हेगसेथले जलवायु र विविधतासम्बन्धी पहललगायत 'फजुल' खर्चमा पाँच अर्ब १० करोड अमेरिकी डलर कटौती गर्ने बताएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वकै सबैभन्दा धनी व्यक्ति एलन मस्कलाई तथाकथित सरकारी दक्षता विभागको नेतृत्व गर्ने जिम्मेवारी दिएका छन् ।

हेगसेथले अघिल्लो प्रशासनबाट कार्यक्रमहरू जरैदेखि उखेलेर फाल्न डीओजीईको 'व्यापक पहुँच' हुने बताएका छन् । गत महिना उनले जलवायु परिवर्तन र विविधता, समानता र समावेशीकरण (डिइआई) क्षेत्रसँग सम्बन्धित अनुदानसहित पाँच करोड ८० लाख डलर अमेरिकी डलर खर्च अन्त्य गर्न आदेश दिएका छन् । हेगसेथले बिहीबार सार्वजनिक गरेको एक भिडियोमा विभागले 'डिइआई, जलवायु, कोभिड-१९ प्रतिकार्य र सम्बन्धित गैरआवश्यक गतिविधिका लागि ११ वटा सम्झौता' अन्त्य गर्न लागेको बताएका छन् ।

उनले भने, 'हामी अहिले एक सम्झौतापत्रमा हस्ताक्षर गर्दै छौं, यसमा लाखौं नभई ५.१ अर्ब डलरको डिओडी सम्झौता रद्द गर्न निर्देशन दिइएको छ ।' कटौतीमा डिफेन्स हेल्थ एजेन्सीका लागि निजी फर्महरूबाट परामर्श सेवाहरूका लागि सम्झौताका साथै सूचना प्रविधि क्षेत्रको क्लाउड सेवाहरूको सम्झौता पनि समावेश छ । डिओडीले नर्थवेस्टर्न युनिभर्सिटी र कोर्नेल युनिभर्सिटीलाई पाँच अर्ब अमेरिकी डलरभन्दा बढीको अनुदान पनि रोकेको छ, जसलाई हेगसेथले यहूदी-विरोधी सहन गर्छन् र विभाजनकारी डिइआई कार्यक्रमहरूलाई समर्थन गर्ने 'शैक्षिक संस्थाहरू' भनेर वर्णन गरेका छन् । पेन्टागनले सन् २०२५ का लागि ८५० अर्ब अमेरिकी डलरको बजेट विनियोजन गरेका छन् ।

वासिङ्टन पोस्टका अनुसार फेब्रुअरीमा हेगसेथको एक पत्रमा आगामी वर्षदेखि प्रत्येक वर्षको बजेटबाट आठ प्रतिशत कटौती गर्ने योजना तयार पार्न आदेश दिइएको थियो । यदि यो पूर्णरूपमा लागू भयो भने यो कटौती प्रत्येक वर्ष दशौं अर्बले घटाएर पाँच वर्षको अन्त्यसम्ममा लगभग ५६० अर्ब डलरमा झर्ने छ । हेगसेथले यसै वर्षको सुरुमा भनेका थिए, 'हामी बाइडेन युगका गैरघातक कार्यक्रमहरूबाट टाढा जाने छौं र यसको सट्टा राष्ट्रपति ट्रम्पको 'अमेरिका पहिला' शक्तिको माध्यमबाट शान्ति, प्राथमिकताहरूमा त्यो पैसा खर्च गर्ने छौं ।' *रासस/एएफपी*

# अमेरिकी प्रविधि कम्पनीमा कर लगाउन सकिने इयू प्रमुखको भनाइ

**ब्रसेल्स–** युरोपेली संघ (इयू) विरुद्ध डोनाल्ड ट्रम्पको करयुद्ध अन्त्य गर्न वार्ता असफल भएमा ब्रसेल्सले अमेरिकी विशाल प्रविधि कम्पनीमाथि कर लगाउन सक्ने ब्रसेल्सकी प्रमुख उर्सुला भोन डेर लेयेनले फाइनान्सियल टाइम्सलाई बिहीबार प्रकाशित अन्तर्वार्तामा बताएकी छन् ।

अमेरिकी राष्ट्रपतिट्रम्पले स्टिल, आल्मुनियम, कार र युरोपेली संघबाट आयात हुने अधिकांश वस्तुलाई लक्षित गरी कर लगाएपछि इयूले वासिङ्टनसँग पारस्परिक लाभकारी सम्झौता गर्न चाहेको बताएकी छन् । भोन डेर लेयेनले अमेरिका लक्षित अहिलेसम्मकै आफ्नो कडा टिप्पणीमा भनेकी छन्, 'उहाँ प्रतिशोधको आफ्नो धम्कीलाई बढावा दिन तयार हुनुहुन्छ र वार्ता असफल भएमा अमेरिकी सेवाहरूलाई लक्षित गर्न तयार हुनुहुन्छ ।'

उनले भनिन्, 'यदि वार्ताबाट कुनै परिणाम ननिस्केमा प्रतिवादका विभिन्न उपाय अपनाइने छ ।' एफटीले उनलाई उद्धृत गर्दै भनेको छ, 'उदाहरणका लागि इयूले डिजिटल सेवाहरूको विज्ञापन राजस्वमा कर लगाउन सक्ने छ,



जसले नयाँ दबावमूलक व्यापार हतियारको प्रयोग बढाउने छ ।' युरोपमा सार्वजनिक खरिद सम्झौताहरूमा अमेरिकी कम्पनीहरूको पहुँच सीमित गर्न सक्ने 'बाजुका' भन्ने इयूलाई सेवाहरू लक्षित गर्ने कानुनी धारणालाई प्रयोग गर्नसक्छ ।

युरोपविरुद्ध आफ्नो कर अभियानलाई बढावा दिने गुनासोहरूमध्ये अमेरिकी प्रशासनले तथाकथित गैरकर अवरोधहरूको बारेमा गुनासो गरेको छ । यसले अनुचित रूपमा अमेरिकी निर्यातमा बाधा पुऱ्याउनसक्छ । विशेषगरी समूहको प्रविधि प्रतिस्पर्धा र सामग्री नियन्त्रणलाई अनलाइनमा नियमन गर्ने मूल्य वर्धित कर (भ्याट) र प्रविधिसम्बन्धी कडा नियम, डिजिटल बजार ऐन र डिजिटल सेवा ऐनको प्रयोग समूहले गर्नसक्ने अधिकारीहरूले बताएका छन् ।

भोन डेर लेयेनले भनिन्, 'प्राविधिक कानुनहरू चलाउन नसकिने खालका छन् र इयू जुन घरेलु र आयातित दुवै वस्तुहरूमा लागू हुने भ्याटमा वार्ता गर्न खुला छैन ।' अन्तर्वार्ताले वार्ता असफलतातर्फ उन्मुख देखिएको संकेत गरे पनि भोन डेर लेयेनले वार्ता सफल होस् भन्ने बलियो संकेत दिएका छन् ।

ट्रम्पले व्यापकरूपमा नयाँ कर लागू गर्ने नीति अख्तियार गरे पनि 'वार्तालाई मौका दिनका लागि' भन्दै यसबाट करिब ९० दिनका लागि पछि फर्कने वा घोषणालाई कार्यान्वयनमा नलाने बताएपछि इयू समूहले अमेरिकी सामानहरूमा योजनाबद्ध करवृद्धिहरू राख्ने छ किनकि अमेरिकाले यस पहिले धातु र कारहरूमा लगाउने घोषणा गरेका करहरू लागू छन् र सबै सामानहरूमा आधारभूत १० प्रतिशत कर लगाइएको छ । *रासस/एएफपी*

## अमेरिका-चीन व्यापार युद्ध

# अमेरिकी कर वृद्धिको बदलामा चीनले पनि बढायो कर





**बेइजिङ–** चीनले शुक्रबार अमेरिकी सामानमा कर वृद्धि गरी १२५ प्रतिशत पुऱ्याउने बताएको छ । राष्ट्रपति डोनाल्ड ट्रम्पले लगाएको थप करसँगै अमेरिकाले चीनबाट आयात गर्ने सामानमा करको दायरा १४५ प्रतिशतले वृद्धि गरेको बदलामा चीनको यो प्रतिक्रिया आएको हो । चीनले थप कर वृद्धिले अमेरिकी आयातकर्ताहरूलाई सामान किन्नका लागि कुनै आर्थिक लाभ नहुने हुँदा अमेरिकी प्रशासनले लागू गर्ने थप करहरूलाई बेवास्ता गर्ने छ ।

विश्वका दुई ठूला अर्थतन्त्र भएका मुलुकले पालैपालो अतिरिक्त कर वृद्धिको घोषणा गरी विश्वको व्यापार क्षेत्रमा अवरोध खडा गर्न थालेपछि एक सातासम्म विश्व अर्थबजारमा उथलपुथल मच्चिएपछि बेइजिङले ट्रम्पको बढ्दो झुकावलाई 'मजाक' र 'संख्याको खेल' भन्दै खारेज गरिदिएको छ । ट्रम्पले विश्वमा व्यापक कर वृद्धि गरेर बजारमा उथलपुथल मच्चाएको आरोप चीनले लगाएको छ भने जवाफमा अमेरिकाले अराजकताका लागि 'पूर्ण जिम्मेवारी वहन गर्नुपर्ने' बताएको छ । ट्रम्पले निर्माताहरूलाई अमेरिकामा आफूलाई आधार बनाउन र देशहरूलाई अमेरिकी सामानहरूमा अवरोधहरू कम गर्न बाध्य पार्ने छडीको रूपमा दर्जनौं प्रमुख मुलुकका लागि पीडादायी भनिएको व्यापक अतिरिक्त करहरू लागू गरेका छन् ।

यस हप्ता बजार उथलपुथलपछि ट्रम्पले विश्व वाणिज्यको युद्धपछिको प्रणालीलाई पुनः मोडेल गर्न आफ्नो योजनाबाट पहिलोपटक पछि हट्दै बुधबार ९० दिनका लागि धेरै मुलुकमाथि लगाइएको करलाई स्थगन गरेका थिए । यद्यपि उनले चिनियाँ सामानको आयातमा लगाइएको अतिरिक्त करलाई निरन्तरता दिँदै कर वृद्धिलाई कूल १४५ प्रतिशतको आश्चर्यजनक बिन्दुमा पुऱ्याए ।

बेइजिङको पछिल्लो चरणको प्रतिशोधका कारण शनिबारदेखि लागू हुनेगरी कर १२५ प्रतिशत पुगेको छ । चिनियाँ अर्थ मन्त्रालयले अमेरिकाले चालेको थप कदमलाई नजरअन्दाज गरिने पनि बताएको छ । चीनले 'हालको भन्सार स्तर'मा चीनमा निर्यात हुने अमेरिकी सामानका लागि बजार स्वीकृतिको कुनै सम्भावना छैन । चिनियाँ वाणिज्य मन्त्रालयले भनेको छ, 'संयुक्त राज्य अमेरिकाले चीनमाथि असामान्य रूपमा उच्च करको चरणवद्ध वृद्धि लागू गर्नु अर्थशास्त्रीय आधारमा कुनै व्यावहारिक महत्त्व छैन ।'

मन्त्रालयका एक प्रवक्ताले भने, 'यदि अमेरिकाले करवृद्धिको 'नम्बर खेल' जारी राख्यो भने चीनले यसलाई बेवास्ता गर्ने छ ।' बेइजिङले विश्व व्यापार संगठन (डब्लुटिओ) मा पनि पछिल्लो चरणको करका विषयमा मुद्दा दायर गर्ने बताएको छ ।

### 'सुन्दर कार्य'

ट्रम्पले आफ्नो कर रणनीतिबाट उत्पन्न 'संक्रमण लागत र संक्रमण समस्याहरू' स्वीकारेका छन् तर उनले आफ्नो निर्णयका कारण विश्वव्यापी बजार उथलपुथल भएको भन्ने कतिपय विश्लेषकहरूको दावीलाई अस्वीकार गरेका छन् । 'अन्तमा यो एक सुन्दर कुरा हुने छ,' उनले भने ।

उनले युरापेली संघ (इयू)लाई प्रतिशोधात्मक करबाट जोगिन 'निकै विवेकी' भएको बताएका छन् । 'इयू प्रतिशोधको घोषणा गर्न तयार थियो । त्यसपछि उनीहरूले चीनको सन्दर्भमा हामीले के गऱ्यौं भन्ने कुरा हेरे र सही निर्णय लिए,' अमेरिकी राष्ट्रपति ट्रम्पले भने ।

यद्यपि, २७ सदस्यीय इयू समूहकी प्रमुख उर्सुला भोन डेर लेयेनले फाइनान्सियल टाइम्ससँग कुरा गर्दै यदि ट्रम्पसँगको वार्ता असफल भयो भने उसले 'व्यापक प्रतिकारात्मक उपाय' अपनाउने बताएकी छन् । 'एक उदाहरण के हुनसक्छ भने हामी डिजिटल सेवाहरूको विज्ञापन राजस्वमा कर लगाउन सक्ने छौं,' उनले भनिन् । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोँले पनि इयूलाई करको प्रतिकार गर्नका लागि आवश्यक कदम चाल्न आग्रह गरेका छन् । 'युरोपेली आयोगको छलफलमा हामीले आफूलाई बलियो रूपमा देखाउनुपर्छः युरोपले सबै आवश्यक प्रतिकारात्मक उपायहरूमा कदम चाल्न जारी राख्नुपर्छ,' उनले एक्समा भने ।

स्पेनका प्रधानमन्त्री पेड्रो साञ्चेजसँग शुक्रबार भएको वार्तामा सीले चीन र इयूले यस विषयमा मिलेर काम गर्नुपर्ने बताएका थिए । 'चीन र युरोपले आफ्नो अन्तर्राष्ट्रिय जिम्मेवारी पूरा गर्नुपर्छ र संयुक्तरूपमा अमेरिकाको एकपक्षीय दादागिरीपूर्ण अभ्यासको प्रतिरोध गर्दछ,' सीले भने । उनले अगाडि भने, 'यसले उनीहरूको आफ्नै वैध अधिकार र हितको रक्षामात्र गर्दैन, अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायको रक्षा पनि गर्ने छ ।'

### 'आक्रोशबाट कोही पनि विजयी हुँदैन'

वाल स्ट्रिटमा नयाँ गिरावट आएपछि शुक्रबार एसियाली बजारमा पुनः दबाब सिर्जना भएको छ । टोकियोमा चार प्रतिशतभन्दा बढीको गिरावट आएको छ भने सिड्नी, सियोल, सिंगापुर र अन्य देशमा पनि गिरावट आएको छ । चीनको पछिल्लो निर्णयबाट युरोपेली बजार पनि पछि हटेको छ ।

तेलको मूल्य र डलरको मूल्य विश्वव्यापी मन्दीको डरले ओरालो लागेको छ भने सुनको मूल्य तीन हजार २०० अमेरिकी डलरभन्दा माथि पुगेको छ । 'एसपिआई एसेट म्यानेजमेन्ट'का स्टिफन इन्सले भने, 'ट्रम्पको कर वृद्धिबाट चिनीको उच्च स्तर द्रुत गतिमा कम हुँदै गएको छ ।' विश्वका दुई ठूला अर्थव्यवस्थाहरू पूर्णरूपमा विकसित व्यापार युद्धमा छन् र त्यहाँ कुनै विजेताहरू छैनन् ।

### 'स्वर्ण युग'

ट्रम्पका नीतिका आलोचकहरू भन्छन् कि यसले जटिल आपूर्ति शृंखलामा निर्भर कम्पनीहरूका लागि अराजकता निम्त्याइरहेको छ, नजिकका सहयोगीहरूलाई अलग गरिरहेको छ र अमेरिकी उपभोक्ताहरूका लागि सामानहरू थप महँगो बनाइरहेको छ । तर उनका वाणिज्य सचिव हावर्ड लुटनिकले बिहीबार सामाजिक सञ्जालमा लेखेका छन्, 'स्वर्ण युग आउँदै छ । हामी हाम्रो हितको रक्षा गर्न, विश्वव्यापी वार्तामा संलग्न हुन र हाम्रो अर्थव्यवस्थालाई बलियो पार्न गर्न प्रतिबद्ध छौं ।'

यसैबीच, अमेरिकी राष्ट्रपति ट्रम्पले ९० दिनपछि कर फिर्ता आउनसक्ने चेतावनी दिएका छन् । 'यदि हामी सम्झौता गर्न सक्दैनौं भने हामी जहाँ थियौं, त्यहीँ फर्कन्छ्यौं,' उनले भने । क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले ट्रम्पको कदमलाई 'स्वागतयोग्य राहत' को संज्ञा दिँदै ओटावाले अप्रिल २८ मा हुने निर्वाचनपछि नयाँ आर्थिक सम्झौताका लागि वासिङ्टनसँग वार्ता थाल्ने बताएका छन् ।

भियतनामले अमेरिकासँग व्यापार वार्ता सुरु गर्न सहमति जनाएको छ भने पाकिस्तानले वासिङ्टनमा प्रतिनिधिमण्डल पठाउने भएको छ । ट्रम्पको व्यापार युद्धविरुद्ध चीनले सहयोगी खोज्न संघर्ष गरिरहँदा राष्ट्रपति सीले अर्को साता भियतनाम, मलेसिया र कम्बोडियाको भ्रमण गरेका छन् । *रासस/एएफपी*


**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१।१२।३०**

यस वालुवा भञ्जयाड. सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान २२७ को १७१३.८७ क्यू.फि. काठ,दाउरा ७ चट्टा र जिल्ला वन पैदावार आपुर्ति समितीलाई छुटयाएको काठ आपुर्ति समितीले उठाउन नसकिएको कारण वन नियमावली २०७९ को नियम २२ को (५) वमोजिम उपभोक्ता समूहले उक्त साल प्रजातीको गोलिया थान ५५ को ३४१.०३ क्यू.फि.काठ समेत गरी बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**– श्री वालुवा भञ्जयाड. सामुदायिक वन उपभोक्ता समूह, मनहरी ६ मकवानपुर**



**निक्षेप रकम उपर हकदाबी सम्बन्धि ३५ दिने सूचना**

यस बैंकका खातावाला श्री मोहर राउतको नाति, श्री प्रेम राउत बरैको छोरा, मधेश प्रदेश, पर्सा जिल्ला वीरगंज महानगरपालिका वडा नं. २० बस्ने श्री रामानन्द प्रसाद बरैको मिति वि.सं. २०८१/११/२५ (सन् २०२५-०३-०९) का दिन मृत्यु भएकोले निजको नाममा यस बैंकमा रहेको एकल खाता नं. ०२१०११०५०००००२१ र मुद्दती खाता नं. ०२१०१२११०००१३५७ मा रहेको निक्षेप रकम भुक्तानी पाउँ भनि मृतकको छोरा श्री प्रदुम्न प्रसाद चौरसियाले मिति ११/१२/२०८१ (सन् २०२५/०३/२४) मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र सबुत प्रमाण सहित हकदाबी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**सानिमा बैंक** www.sanimabank.com

वीरगंज शाखा, पर्सा, फोन : ०५१-५२९१८५/५२९१८६
इमेल : birgunj@sanimabank.com



**नाम परिर्वतन सम्बन्धि सूचना**

**तेस्रो पटक प्रकासित मितिः २०८१/१२/३०**

कम्पनीको मिति २०८१/१२/०४ को साधरण सभा/विशेष सभाको निर्णय बमोजिम कम्पनीको नाम तपसिल बमोजिम परिर्वतन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई उल्लेखित शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८१/१२/२१ को निर्णयानुसार जानकारी गराईन्छ ।

**तपसिलः**

**साविकको नाम : ईमानुयल बोर्डिङ्ग स्कुल कैलाली**

**संशोधित नाम : प्रज्ञान पाठशाला कैलाली**



**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१।१२।३०**

यस नमूना सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ., ५ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको साल समेतको गोलिया थान ६८ को ६२३.१५ क्यू.फि. काठ बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**– श्री नमूना सामुदायिक वन उपभोक्ता समूह राक्सिराङ.५ मकवानपुर**



**बोलपत्रद्वारा वनपैदावार लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित सूचना मिति २०८१।१२।३०**

यस शिकारीवास सामुदायिक वन उपभोक्ता समूह मनहरी, ६ मकवानपुरले आ.व. २०८१।०८२ मा स्वीकृत वन कार्ययोजनामा ब्यबस्था भए अनुसार ढलापाडा रुखहरू वाट संकलन भएको काठ/दाउरा उपभोक्तालाई बिक्री गरी, जि.व.पै.आ.समितिलाई २५ प्रतिशत काठ छुट्याईको बाँकी रहेको सालको गोलिया थान ८९ को ६७२.५६ क्यू.फि. काठ र दाउरा २ चट्टा बोलपत्र मार्फत लिलाम विक्री गर्नुपर्ने भएको हुदाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफनै खर्चमा उठाई लैजान यो सूचना प्रकाशित गरिएको छ । वन नियमावली २०७९ को नियम १२८ अनुसार सूचीकृत भएको ईच्छुक काष्ठ उधोगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन खरिद गरि २२ औ दिन दिनको १२ वजे भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत जानकारीको लागी यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**– श्री शिकारीवास सामुदायिक वन उपभोक्ता समूह, मनहरी ६ मकवानपुर**

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १८५००० | प्रति तोला – ० | प्रति तोला – १९०५ |

# व्यापार सहजीकरणका लागि नेपाल-भारत वार्ता

## नेपालले जारी गरेको उत्पतिको प्रमाणपत्रलाई भारतमा मान्यता

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपाल र भारतबीचको वैदेशिक व्यापारलाई थप सहज एवं सरल बनाउनुका साथै अवैध व्यापार तथा राजस्व चुहावट नियन्त्रणमा केन्द्रित रहेर दुई देशका भन्सार अधिकारीहरूबीच काठमाडौँमा बिहीबारदेखि चलिरहेको वार्ता सम्पन्न भएको छ।

दुवै पक्षले भन्सार प्रक्रियालाई कागजविहीन (पेपरलेस) बनाउँदै व्यापार सहजीकरण गर्न, लजिस्टिक्स लागत घटाउन तथा अनधिकृत व्यापार नियन्त्रणमा सहकार्य गर्न सहमति जनाएका छन् । नेपाल राष्ट्रिय एकद्वार प्रणालीमार्फत जारी हुने उत्पतिको प्रमाणपत्रलाई भारतले मान्यता दिने सहमति भएको भन्सार विभागका महानिर्देशक महेश भट्टराईले जानकारी दिए ।

त्यस्तै आयात-निर्यातसम्बन्धी पूर्वसूचना आदान-प्रदानका लागि समझदारी गर्ने, भन्सारसम्बन्धी आपसी सहयोगसम्बन्धी सम्झौता अगाडि बढाउने र सीमावर्ती क्षेत्रमा आवश्यक भौतिक पूर्वाधार निर्माण गरी व्यापार प्रवर्द्धन गर्ने विषयमा दुवै पक्ष सहमत भएका छन् ।

नेपाल-भारत सीमा क्षेत्रमा क्वारेन्टिन सुविधाको विस्तार गर्ने, तेस्रो मुलुकबाट भारत हुँदै नेपाल आउने-जाने रेलमार्ग व्यापारमा प्रयोग हुँदै आएको विद्युतीय कार्गो ट्र्याकिङ प्रणाली (इसिटिएस) लाई सडकमार्ग (ट्रक) मा समेत विस्तार गर्ने र लागत घटाउने सहमति भएको छ । भैरहवा र चाँदनी दोधारामा निर्माणाधीन एकीकृत जाँचचौकी (आइसिपी) हरू शीघ्र निर्माण गरी सञ्चालनमा ल्याउने तथा विराटनगरमा रेल कार्गो सेवा सञ्चालन गर्ने लगायतका विषयमा छलफल एवं सहमति भएको जनाइएको छ। बिहीबार सुरु भएर शुक्रबार सकिएको वार्तामा नेपालको वार्ता टोलीको नेतृत्व भन्सार विभागका महानिर्देशक महेश भट्टराईले गरेका थिए भने भारतका तर्फबाट राजस्व इन्टेलिजेन्स निर्देशनालयका महानिर्देशक अभयकुमार श्रीवास्तवले गरेका थिए ।

# लगानीको वातावरण बनाउन र उत्पादनको लागत घटाउन सुझाव

■ प्रभाव संवाददाता



**काठमाडौं –** लगानीको वातावरण बनाउन र उत्पादनको लागत घटाउने सुझावसहितको प्रतिवेदन उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले सरकारसमक्ष प्रस्तुत गरेको छ ।

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलसमक्ष आयोगका अध्यक्ष रामेश्वरप्रसाद खनालले शुक्रबार अर्थमन्त्रालयमा उक्त प्रतिवेदन प्रस्तुत गरेका हुन् । प्रतिवेदन पेस गर्दै अध्यक्ष खनालले समग्र माग पक्ष कमजोर हुनु, लगानीमा ह्रास आउनु, कर्जा विस्तार बढ्न नसक्नु, घरजग्गा कारोबार खुम्चिनुलगायत देशको समग्र अर्थतन्त्रमा देखिएका समस्याका कारण आर्थिक अवसर सिर्जना गर्न नसकिएको बताए ।

‘समग्र माग पक्ष कमजोर भएकोले आर्थिक वृद्धि दर सुस्त रहेको देखिन्छ । निजी क्षेत्रका सङ्घ- संस्थाहरू, सबै भौगोलिक क्षेत्रका व्यवसायीहरू, प्रदेश तथा स्थानीय सरकारका प्रतिनिधि र विज्ञहरूसँगको छलफलमा पनि उपभोगको वृद्धि दर घट्नु र लगानीमा ह्रास आउनु अर्थतन्त्रको वर्तमान चरित्र हो भन्ने विषय मुख्य रूपमा उठाइएको थियो’, अध्यक्ष खनालले भने, ‘कर्जा वृद्धि कम हुनु, घरजग्गाको कारोबारमा ह्रास आउनु, सहकारी वित्तीय प्रणालीमा लाखौँ मानिसको बचत फस्नु, सरकारले गर्नु पर्ने कतिपय भुक्तानी समयमा नगर्नू र व्यापारिक उधारो असुलीमा समस्या आउनु र निर्माण क्षेत्र संकटग्रस्त बन्न गएकाले उपभोग र लगानीमा ह्रास आएको देखिन्छ ।’

समग्र माग पक्ष कमजोर भए पनि अर्थतन्त्रका तत्कालका समस्या समाधान गर्न आयोगले सुझाएको उनले बताए । तत्काल माग पक्षमा सुधार ल्याउने नीतिगत हस्तक्षेप आवश्यक भएको, लक्ष्यित आर्थिक वृद्धि हासिल गर्न आपूर्ति पक्षबाट पनि संरचनात्मक सुधार गरेर लगानीयोग्य वातावरण बनाउन र उत्पादनको लागत घटाएर प्रतिस्पर्धी बनाउन आवश्यक भएको उनले बताए ।

प्रतिवेदन ग्रहण गर्दै अर्थमन्त्री पौडेलले मुलुकको अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि प्रस्तुत प्रतिवेदन उपयोगी हुने विश्वास व्यक्त गरे । साथै उनले त्यसलाई कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । ‘हामी आगामी आर्थिक वर्षको बजेट निर्माणको प्रक्रियामा छौँ । प्रतिवेदनले अर्थतन्त्रका समस्या पहिल्याउन र त्यसलाई समाधान गर्ने सुझाव दिएको छ । गम्भीरपूर्वक अध्ययन गर्ने र प्राप्त सुझावलाई चरणबद्ध कार्यान्वयनमा लैजान्छौँ’, अर्थमन्त्री पौडेलले भने ।

मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउन सरकारीस्तरमा गर्नुपर्ने कामबारे सुझावसहितको प्रतिवेदन प्रस्तुत गर्न सरकारले गत असोजमा पूर्वअर्थसचिव खनालको अध्यक्षमा आयोग गठन गरेको थियो । आयोगका सदस्यमा राष्ट्रिय योजना आयोगका सदस्य प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख रामप्रसाद ज्ञवाली, अर्थविद् विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता कल्पना खनाल थिए ।





Nepal Water & Energy Development Company Pvt. Ltd. (NWEDC) is an energy utility company specialized in hydropower development and was established with an intention of encouraging foreign investment to work in the area of hydropower in Nepal.

NWEDC is a Special Purpose Vehicle through which KOEN, KIND, IFC (World Bank Group) and a local partner have been developing Upper Trishuli-1 (UT-1) Hydroelectric Project.

The 216 MW UT-1 Hydroelectric Project located in Rasuwa District of Nepal will annually generate 1456 GWh of hydroelectricity and supply to the National Grid of Nepal.

PROJECT OVERVIEW

Capacity : 216 MW (72 MW x 3 Units)
Location : Rasuwa District, 70 Km North of Kathmandu
Business Type : Run-Of-River/BOOT (Build-Own-Operate-Transfer)
Off Taker : Nepal Electricity Authority
Annual Genration : 1,456.4 GWh-564.36 GWh (Dry Season)/892.04 GWh (Wet Season)
Period Construction : 5 years / Operation: 30 years
Budget : USD 647.4 Million (Debt. USD 453.2 Mil. / Equity USD 194.2 Mil.)
Work Packages : Preparation works, Head Works, Headrace Tunnel, Power House, Hydro-Mechanical, Electro- Mechanical, Transmission Line
Design Discharge : 76 m3/s, from Confluence of Bhotekoshi River and Trishuli
River : 3 radial Gated Concrete Weir/ 9.5 Km Headrace Tunnel
Weir/ Tunnel : 3 radial Gated Concrete Weir/9.5 Km Headrace Tunnel




HEADWORK AREA

Weir : L 102.5 m x W 37.8 m x H 26 m
Diversion Tunnel : 208 m3/s (Dry 20 years frequency)
Coffer Dam : 2EA (Up H 10.5 m/Down H 5.0 m)
Intake : W 6.5 m x H 6.5 m x 2EA, Roller gated
Desander Basin : Underground (110 m x 14.25 m x 23.5 m)

POWERHOUSE AREA

Powerhouse : Underground (80.0 m x 20.6 m x 39.4 m)
Transformer Cavern : Underground (94.7 m x 15.6 m x 12.6 m)
Surge Tank : Surge Shaft D 8.5 m, Orifice D 2.0 m
Pressure Tunnel : Vertical (Dia. 6.5 m, L 262 m) / Horizontal (Dia. 6.5 m, L 40 m)
Tailrace Tunnel : Dia. 6.5 m, L 195 m


OUR ROLE & VISION


TECHNOLOGY TRANSFER
UT-1's main sponsor KOEN has over 15 years of experience in Operation & Management (O&M) of energy projects and has been able to maintain less than 2% of Transmission Loss which is very low compared to that of Nepal. Thus, KOEN will transfer a high level of O&M skill to Nepal.

INCREASE OF GROSS DOMESTIC PRODUCT
Foreign Direct Investment in capital intensive areas will result in significant increase in Nepal's Gross Domestic Product.

SUBSTITUTION OF DIESEL IMPORT
Lack of electricity results in huge import of Diesel Import for electricity generators negatively affecting the balance of payments of Nepal

CREATION OF EMPLOYMENT
During the construction period, 700-1000 Nepalese employees will work for UT-1 Project per day. And during the operation period (30 years), 70-80 Nepalese employees will work for UT-1 operation.




Nepal Water and Enerty Development Company Pvt. Ltd.
Upper Trishuli-1, 216MW, HEP, Thapathali, Kathmandu, Nepal
LS Building, 5th Floor, Thapathali, Kathmandu, Nepal
Email administration@nwedc.com.np, Phone No. +977 1 4412229 | 4412257 | 4412557

WE CAN, WE WILL.

...... 2015 Post-Earthquake relief support
2017 ...... Constructed two school buildings and one health post
...... 2017 Charity towards Nepal Prime Minister Disaster Relief Fund
2017 ...... Supported Nepal in street child World Cup 2017, Moscow
...... 2018 Continuous support of three teachers in three schools since 2018
2019 ...... Supported Gosaikunda RM fro Rural accesss road construction
...... 2019 Supported a Bailey bridge to Rural Municipality
2020 ...... COVID-19 Relief support
...... 2023 Scorpio-S10 vehicle support to Langtang National Park

NWEDC
NEPAL WATER AND ENERGY DEVELOPMENT COMPANY
www.nwedcpl.com


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ